**सम्पति विवरण समयमै बुझाऔं जरिवानाबाट बचौं ।**

- सार्वजनिक पद धारण गरेको व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं ।
- आर्थिक वर्ष शुरू भएको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गरौं ।
- भ्रष्टाचारमा शून्य सहनशीलता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





अधिकृत बिक्रेता:
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मो: ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ साउन २७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 12 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३४५


## शिकारीबास दुई महीनापछि उज्यालो हुने

ओमप्रकाश चौधरी, सेढवा, २६ साउन/

ठोरी गाउँपालिका-३ अन्तर्गत चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय स्थापना गर्ने कार्य सञ्चालनमा छ। सो योजनाको ठेक्का सनराइज इनर्जी कम्पनीले सकार गरेर कार्य गर्दैछ। मधेस प्रदेशस्तरीय प्रणाली सुदृढीकरण परियोजना अन्तर्गत बस्तीमा विद्युतीकरण गर्ने योजना रहेको बताए। निकुञ्जको



शिकारीबासमा विद्युतीकरणको लागि ल्याइएका सोलार प्यानलहरू। तस्वीर: प्रतीक

निकुञ्जको बीचमा रहेको शिकारीबासमा विद्युतीकरण गर्न दुईवटा निकाय प्रयासरत छन्। विद्युतीकरण गर्न वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र र नेपाल विद्युत् प्राधिकरणले प्रयास गरिरहेका छन्। नेपाल विद्युत् प्राधिकरणले विभिन्न समस्या तथा बाधा अडचनका कारण विद्युत् पुऱ्याउन सकेको छैन भने बस्तीमा विद्युत् सेवा प्रवाह गर्न वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रले सोलार प्यानल केन्द्र जडान गरी विद्युत् आपूर्ति गर्ने योजना अनुरूप कार्य गरिरहेको छ। यो कार्यक्रमका लागि केन्द्रले ९० प्रतिशत र स्थानीय पालिकाले १० प्रतिशत रकम लगानी गर्ने नीति छ। केन्द्रले रु एक करोड ५९ लाखको लगानीमा शिकारीबासमा सोलार प्यानल जडान गरी विद्युत् स्टेशनको कम्पनीका सञ्चालक उत्तम सिटौलाका अनुसार योजनाका लागि केही उपकरणहरू ल्याइसकेको र शिकारीबासको घरधुरी सङ्ख्या तथा स्थलगत प्रतिवेदन वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रमा पठाइएको बताए। केन्द्रले स्वीकृति दिएपछि दुई/तीन महीनाभित्रै योजना सम्पन्न गर्ने सञ्चालक सिटौलाले बताए। यसै अवधिमा सम्पूर्ण घरमा मिटर जडान तथा पोल, विद्युतीय तार तथा पोलमा बल्ब बाल्ने कार्य हुने उनले जानकारी गराए।

यता नेपाल विद्युत् प्राधिकरणले पनि शिकारीबासमा विद्युतीकरणका लागि आवश्यक प्रक्रिया शुरू गरेको छ। नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रका प्रमुख जगरनाथ झाका अनुसार मध्यवर्ती वनमा ११ केभिएको एचटी लाइन र ४००/२३० भोल्टको लाइन ३.५ किलोमिटर जडानको लागि लगत इस्टिमेटसहित अनुमतिका लागि चितवन राष्ट्रिय निकुञ्जको कार्यालयमा पत्र पठाइएको प्रमुख झाले बताए। अनुमति पाउने बित्तिकै कार्य शुरू हुने उनले जानकारी गराए।

ठोरी गाउँपालिकामा पनि विद्युतीकरण भर्खरै भएको हो। विद्युतीकरणपूर्व ठोरी गापामा वैकल्पिक ऊर्जा सोलार प्यानल र गोबर ग्याँस थिए भने परम्परागतरूपमा टुकी बाल्ने गरिन्थ्यो। तीन वर्ष पहिले मात्र गापामा विद्युतीकरण भएको हो। पूरै गापा विद्युतीकरण भइसक्दा पनि निकुञ्जमा भएको कारण शिकारीबासमा बिजुली पुग्न नसकेको हो।

## उपसभामुख भुसाललाई वीउवासङ्घद्वारा सम्मान

प्रस, परवानीपुर, २६ साउन/

प्रतिनिधिसभाकी उपसभामुख पुष्पा भुसाललाई वीरगंजमा सम्मान गरिएको छ। वीरगंज उद्योग वाणिज्य सङ्घले कार्यकक्षमैं कार्यक्रम आयोजना गरी पुष्पगुच्छाका साथ उनलाई सम्मान गरेको हो।

विभिन्न कार्यक्रममा सरिक हुन वीरगंज आएकी उपसभामुख भुसालको सम्मान कार्यक्रममा वीरगंजका विकाससँग सम्बन्धित समस्याबारे जानकारी गराउँदै उद्योग, व्यवसाय क्षेत्रका पीडाबारे ध्यानाकर्षण गराइएको थियो।

सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताले प्रस्तुत गरेको कार्यपत्रमा वीरगंजबाट सबैभन्दा बढी राजस्व सङ्कलन हुने गरेको तर वीरगंज राज्यको नजरमा पछि परेको कारण चौतर्फी विकास हुन नसकेको बताइएको थियो। वीरगंजको भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, उद्योग, व्यवसाय क्षेत्रमा पनि सरकारले विकास गर्ने नीति लिएर अगाडि बढ्नुपर्ने सुझाव दिइएको थियो।

वीरगंजको श्रीसिया नदी प्रदूषण नियन्त्रणाका लागि निजी क्षेत्रलाई कारबाई गर्ने निर्देशन आउने गरेको तर उद्योग र नदीबीच वाटर ट्रिटमेन्ट प्लान्टको लागि सरकारले सहयोग नगरेको बताइएको थियो। साथै निजगढ




तस्वीर: सौजन्य

अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा सरकारले यथाशीघ्र योजना अघि बढाएर निर्माण थाल्नुपर्ने बताइएको थियो।

सङ्घका अध्यक्ष गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेल, राष्ट्रिय अनुसन्धान कार्यालय, पर्साका निर्देशक दीपक खड्का, वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेल, सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाललगायतको सहभागिता थियो।

कार्यक्रममा अशोककुमार बैद, अनिलकुमार अग्रवालले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि उपसभामुख भुसालले वीरगंजको विकासका लागि उठेका समस्याहरू समाधान गर्न नेपाल सरकारका प्रधानमन्त्री तथा अन्य निकायमा आफूले पहल गर्ने प्रतिबद्धता व्यक्त गरिन्।

## निजगढ राजमार्गका १६ वटै सिसिटिभी क्यामरा चल्दैनन्

जीतलाल श्रेष्ठ, निजगढ, २६ साउन/

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत निजगढ सडकखण्डमा जडान गरिएका सबै सिसिटिभी क्यामरा बन्द अवस्थामा ओलीले बताए।

सिसिटिभी क्यामरा जडित क्षेत्रको राजमार्गका गतिविधि प्रहरी कार्यालयको कन्ट्रोल रूमबाट नियाल्दै शङ्कास्पद कार्यालय परिसरमा राखिएका मोटरसाइकल चोरीका घटना बढिरहेको छ। गत असार ७ गते निजगढ नपा-९ तेस्रो लाइनका गोविन्द खरेल र वडा नं



निजगढ सडकखण्डमा जडान गरिएका सिसिटिभी क्यामरा बन्द अवस्थामा। तस्वीर: प्रतीक

छन्।

इलाका प्रहरी कार्यालय, निजगढका प्रमुख एवं प्रहरी निरीक्षक सञ्जीव ओलीसँग बिग्रिएका क्यामराबारे चासो राख्दा वर्षा लागेपछि बिग्रन शुरू भएका क्यामराहरू केही साताअघिसम्म दुई/तीन वटा चले पनि त्यसयता सबै पूर्णरूपमा बिग्रिएका छन्।

राजमार्गमा हुने गतिविधि तथा दुर्घटना हेरेर सुरक्षा टोलीलाई अनुसन्धानमा मदत पुगोस् भनेर राजमार्ग आसपासका पोलहरूमा जडान गरिएका १६ वटा क्यामरा तीन सातायतादेखि कुनै पनि नचलेको इप्रका, निजगढका प्रनि गतिविधि भए तुरुन्तै प्रहरी परिचालन गर्न सहज हुने गरेको भएपनि वर्षा लागेपछि धमाधम क्यामरा बिग्रँदा अहिले राजमार्ग र आसपासका क्षेत्रमा सुरक्षा चुनौती बढेको प्रनि ओलीले बताए। बिग्रिएका क्यामराहरूको मर्मतसम्भार गरी सञ्चालनमा ल्याइदिनका लागि जानकारीका साथ इप्रका, निजगढले निजगढ नगरपालिकालाई एक साताअघि पत्राचार गरिसकेको भएपनि अहिलेसम्म मर्मतसम्भारका काम अघि बढ्न नसकेको प्रनि ओलीले जानकारी दिए।

क्यामराले काम गर्न छोडेपछि निजगढका राजमार्ग, सडक, घरआँगन, ७ लिचीटोलका जानुका सिग्देलको घरबाट दिउँसै चोर समूह पसी करीब ३३ लाख बराबरको गरगहना र रकम चोरी भएको निजगढ प्रहरीमा पीडितहरूको निवेदन परेको छ। यस घटनामा प्रहरीले अहिलेसम्म संलग्नहरूको सुइँकोसम्म पाउन सकेको छैन।

सिसिटिभी क्यामरा सञ्चालन हुँदा चोरी गरी राजमार्ग भएर लगिएका मोटरसाइकललगायत अन्य घटनामा प्रहरीले सफलता पाएको प्रनि ओलीले बताए। अहिले प्रहरीलाई निकै समस्या छ। राजमार्ग आसपासमा चोरीका घटना

(बाँकी अन्तिम पातामा)

## भन्सार कर्मचारीलाई कुटपिट गर्ने प्रहरीहरूमाथि कारबाई

प्रस, वीरगंज, २६ साउन/


वीरगंज भन्सारका कर्मचारी कुट्ने तीनजना नेपाल प्रहरीका जवानलाई जिल्ला प्रहरी कार्यालय, पर्साले कारबाई प्रक्रिया शुरू गरेको छ।

बिहीवार राति भन्सारको बन्द मूलगेट खुलाउने विषयमा विवाद भएपछि भन्सार कर्मचारी (पियन) बमबहादुर विशङ्खेलाई नेपाल प्रहरीका जवानहरूले कुटपिट गरेको भिडियो सार्वजनिक भएको थियो।

जिप्रका, पर्साका प्रहरी नायब उपरीक्षक प्रह्लाद कार्कीले प्रहरी चौकी इनर्वामा कार्यरत प्रहरी हवलदार ईश्वर यादव, सहायक हवलदार रमेश भट्ट र प्रहरी जवान राजु यादवलाई जिल्लामा तानेर विभागीय कारबाई शुरू गरिएको बताए।

घटनाको सिसिटिभी फुटेज बाहिरिएपछि पर्सा प्रहरीको चौतर्फी आलोचना भएको थियो।

घटना विवरण अनुसार वीरगंज भन्सारको मूलगेट राति १० बजेपछि बन्द हुने नियम छ। सुरक्षासँग सम्बन्धित, बिरामी बोकेका एम्बुलेन्सलगायत विशेष परिस्थितिमा मात्र भन्सारको मूलगेट राति १० बजेपछि खोल्नुपर्ने प्रावधान छ। तर समाचार स्रोतका अनुसार राति सशस्त्र र जनपद प्रहरी तथा भन्सार



तस्वीर: फाइल

कर्मचारीहरूले मिलेमतो गरी भारतीय गाडीसँग रु एक हजार नजराना लिएर अबेर राति पनि भन्सारको मूलगेट खोल्ने गरेका छन्।

विवाद हुनुभन्दा अघि भारतीय तस्करहरूसँग ती प्रहरीहरूले नजीकैको होटलमा रक्सी-मासु खाएको र त्यसपछि मूलगेट खोल्न जाँदा विवाद उत्पन्न भएको स्रोतले जनाएको छ।

बन्द गेट खुलाउन प्रहरी हवलदार भट्टले भन्सार कर्मचारी विशङ्खेलाई दबाब दिएका थिए। तर कर्मचारी विशङ्खे नमानेपछि उनीमाथि कुटपिट भएको थियो। रक्सीले मात्तिएका प्रहरी हवलदार भट्टले विशङ्खेलाई कुटपिट गरेको बताइन्छ। कारबाईमा परेका प्रहरी जवानहरूलाई जिम्मेवारीबाट मुक्त गरिएको प्रवक्ता खनालले बताए।

## तिलावे पुल कात्तिकदेखि पूर्णरूपमा सञ्चालन हुने



तस्वीर: फाइल/ प्रतीक

प्रस, वीरगंज, २६ साउन/

तिलावे पुलको उद्घाटन यही साउन २८ गते हुने भएको छ। हुलाकी सडक कार्यालयका सूचना अधिकारी दुर्गा मण्डलले भौतिक पूर्वाधारमन्त्री इस्तिहाक राइनले साउन २८ गते शनिवारका दिन पुलको उद्घाटन गर्ने कार्यक्रम रहेको बताए।

उनले पुलको काम ८० प्रतिशत सम्पन्न भएको र उद्घाटनपछि दुई चक्के सवारी साधन मात्र गुड्न दिने बताए।

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**रुपियाँ सानो सिक्का हो, स्वास्थ्य ठूलो सिक्का हो, प्रेम भाग्यमानी सिक्का हो, मित्रता मीठो सिक्का हो र सम्बन्ध चाहिं सुनको सिक्का हो, यसलाई सुरक्षित राख ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# वन अतिक्रमण रोकौं


**मुलुकमा कुल जमीनको क्षेत्रफलमध्ये वनजङ्गलको क्षेत्र करीब ४६.०७ प्रतिशत छ । काष्ठ तथा बुटयानलगायत प्राकृतिक स्रोतले ढाकेका सम्पूर्ण क्षेत्रलाई वनको क्षेत्र मानिन्छ। यो क्षेत्रको विस्तार बढ्दो क्रममा छ। आजभन्दा आठ वर्ष पहिले सन् २०१४ मा मुलुकको कुल क्षेत्रफलको ४४.७४ प्रतिशत क्षेत्र वनले ढाकेको थियो । हिमालमा हिउँले ढाक्ने क्षेत्र घटबढ भइरहन्छ। वन अन्तर्गत पर्ने यस क्षेत्रमा जलवायु परिवर्तनका कारण हरेक वर्ष हिउँको क्षेत्र घट्दो छ। मुख्य वनजङ्गल रहेको क्षेत्र चुरे तथा तराई हो। यहाँ दिन प्रतिदिन वन अतिक्रमण बढ्दो छ । आव २०६७ देखि २०७७ दश वर्षको अवधिमा ६६ हजार ४३४ हेक्टर वनक्षेत्र अतिक्रमण भयो । वन मन्त्रालयकै प्रतिवेदनलाई मान्ने हो भने विसं २०४८ देखि २०६७ सम्म १९ वर्षे अवधिमा तराईमा ३२ हजार हेक्टर वन घटेको देखिन्छ । तराईको वन वार्षिक ०.४४ प्रतिशतले घट्दो छ। तराई र सँगै जोडिएको चुरेक्षेत्रमा पनि व्यापक वनविनाश भएको देखिन्छ। विसं २०५२ देखि २०६७ सम्म १५ वर्षको अवधिमा चुरेमा ३८ हजार ५१ हेक्टर वनक्षेत्र घटेको छ। यो क्षेत्रमा वार्षिक ०.१८ प्रतिशतका दरले वन घटेको देखिन्छ। पहाडमा वनक्षेत्र घट्ने दर चुरे तथा तराईमा भन्दा कम छ ।**

**वनक्षेत्र अतिक्रमण र वनविनाशमा केही फरक छ । हुनत सीमा अतिक्रमण पनि वनविनाश नै हो। अतिक्रमण भन्नाले वनको सिमाना मिच्नु हो । सिमाना नमिची वनक्षेत्रभित्रका रूख तथा बोटबिरुवा मास्ने कार्य अतिक्रमण नभई वनविनाश हो। तराई क्षेत्रमा वार्षिक ०.४४ प्रतिशत र चुरे क्षेत्रमा वार्षिक ०.१८ प्रतिशतको दरले वनको सीमा क्षेत्र खुम्चिँदै गइरहेको देखिन्छ। उसो हो भने वनको क्षेत्रफल घट्नुपर्नेमा किन बढ्दो देखियो त ? अलमलिएको यसैमा हो। वनको क्षेत्रफल वृद्धि भएको प्रतिवेदन आएपछि नीति निर्माणका तहमा बस्नेहरू ढुक्क छन् । तर वास्तविकता त्यसो होइन । राष्ट्रिय वन स्रोत सर्वेक्षण (एफआरए)ले वनको क्षेत्रफल निकाल्दा सामुदायिक वन, निजी वन, बगैंचा, खोला, नदी, ताल, तलैया एवं रूखबिरुवा भएको क्षेत्र तथा प्राकृतिक स्रोतले ढाकेको सम्पूर्ण क्षेत्रलाई समेट्छ । यसर्थ वनको क्षेत्रफल बढेको देखिएको हो। वास्तविक वनक्षेत्र भने घट्दो छ । आबादी क्षेत्रका नम्बरी निजी जमीनहरू बाँझै राखेर बन्जर बनाउने, निजी वन लगाउने प्रवृत्ति बढ्दो छ। अर्कोतर्फ विभिन्न बहानामा वनक्षेत्र अतिक्रमण गर्दै आबादीको सीमा बढाउने क्रम जारी छ ।**

**कतिपय स्थानमा वन र आबादीको सीमा छुट्टयाउन गाह्रो छ । 'जहाँदेखि वन छ, त्यहींदेखि वनको क्षेत्र' भन्नुपर्ने अवस्था छ । राजनीतिमा तरलता छाउँदा कुनै पनि बेला यस्तो स्थानको फाइदा उठाउँदै नयाँ बस्तीहरू स्थापना हुने गरेका छन् । बर्सेनि ८/१० मिटर सीमा च्याप्दै वन साँघुरा पार्नेहरू प्राय: वनक्षेत्रका चारैतर्फ निरन्तर लागिरहेकै छन् । यही अवस्था रहने हो भने वन एकदिन राष्ट्रिय इतिहासमा सीमित हुनेछ। वनक्षेत्रको अतिक्रमण रोक्ने नै हो भने वन र आबादीको स्थायी सीमारेखा जरुरी छ। त्यसको निम्ति वन र आबादीको सीमा डिमरकेशनमा सडक निर्माण गरिनुपर्छ। सडक पार गरेर जङ्गल अतिक्रमण गर्दा जो कसैले पनि थाहा पाउँने हुँदा नियन्त्रण गर्न सहज हुन्छ। सडक निर्माणले वनको सीमामा गस्ती गर्न त सघाउ पुग्छ नै यसले वन पर्यटनको पनि विकास हुन्छ। यसो हुँदा स्थानीय स्वरोजगार सहज हुने भएकोले वनप्रतिको निर्भरता न्यूनीकरण गर्न टेवा पुग्छ ।**

# सन्देहरहित देखिएन राष्ट्रपतिको निष्पक्षता

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**सरकारलाई पनि राम्ररी थाहा छ कि कथम्कदाचित राष्ट्रपतिबाट स्वीकृति प्रदान भएन र सर्वोच्च अदालतबाट राय जान्ने काम भयो भने नयाँ प्रतिनिधिसभा अस्तित्वमा नआउन्जेल यो विधेयक प्यान्डोरा बक्समा थन्किने छ। राष्ट्रपतिको भूमिका सन्देहमुक्त देखिएन ।**

संसद्का दुवै सदनले पारित गरेर पठाएको नागरिकता विधेयक राष्ट्रपति विद्यादेवी भण्डारीले विगत १३ दिनदेखि विचाराधीन राखेकी छन् । विदेशी महिलाले नेपाली पुरुषसँग बिहे गरेमा चाहेका बखत अङ्गीकृत वैवाहिक नागरिकता लिन सक्ने व्यवस्थासहित केपीशर्मा ओली नेतृत्वको तत्कालीन सरकारले गत वर्ष जेठमा यही अध्यादेश ल्याउँदा भने राष्ट्रपतिले लगत्तै जारी गरेकी थिइन्। यद्यपि सर्वोच्च अदालतले सो अध्यादेश कार्यान्वयनमा रोक लगाउँदै नागरिकता जस्तो संवेदनशील विषयमा संसद्द्वारा मात्र कानून बनाउन आदेश थियो। गत वर्ष प्रतिनिधिसभा विघटन गरिसकेको अवस्थामा र विशुद्ध राजनीतिक अभीष्ट पूरा गर्न ल्याइएको विधेयकमा स्वीकृति प्रदान गर्न राष्ट्रपतिले अलिकति पनि समय लिनु आवश्यक ठानिनन् । तर यसपालि संसद्को दुवै सदनबाट र व्यापक विचार-विमर्श एवं परामर्शबाट बहुमतले पारित भई स्वीकृतिको लागि राष्ट्रपति समक्ष आउँदा उनले स्वीकृति प्रदान गर्न ढिला गर्नुले उनको निष्पक्षतामाथि प्रश्नचिह्न उठेको छ ।

कुनै पनि विधेयकमाथि विचार गर्न राष्ट्रपतिलाई १५ दिनको समय संविधानले नै सुनिश्चित गरेको छ। तर राष्ट्रपतिले अघिल्लो सरकारको पालामा विधेयक मात्रै होइन, हरेक अध्यादेश र सिफारिश तत्काल प्रमाणीकरण गर्दै आएकी थिइन्। गत वर्ष त ४८ घण्टाभित्रै यस अध्यादेशमा स्वीकृति प्रदान भई राजपत्रमा छापिएकोसमेत थियो। त्यति बेला सर्वोच्च अदालतले राष्ट्रपतिबाट भएको स्वीकृति अध्यादेशलाई छद्म विधायनको संज्ञा दिंदै कानून निर्माण गर्ने विधायिकाको अधिकारमा हस्तक्षेप नगर्न भनेको थियो। यसपालि त अध्यादेश मार्फत यो विधेयक आएकै होइन नि; यो त संवैधानिक प्रक्रिया पूरा गर्दै आएको हो । हुनत नागरिकताको सवालमा नेपालका प्रत्येक ठूला एवं जिम्मेवार राजनीतिक दलहरूको भूमिका गैरजिम्मेवार रहँदै आएको छ। नेपालमा नागरिकताको प्रावधान लागू भएदेखि नै वैवाहिक अङ्गीकृतको हकमा यही नियम कानून र मान्यता रहिआएको छ। नेपाली केटासित विवाह गर्ने विदेशी महिलाले आफू जन्मेको अथवा माइती देशको नागरिकता परित्याग गरेको सम्बन्धमा प्रक्रिया चलाएमा तिनलाई वैवाहिक अङ्गीकृत नागरिकता प्रदान गरिन्छ । कतिपयले यस प्रावधानको व्याख्या आफ्नो राजनीतिक दललाई फाइदा पुग्ने हिसाबले गर्दै आएका छन् । नेपालका भूतपूर्व प्रधानमन्त्रीदेखि सयौं सांसद, लेखक, पत्रकार एवं विद्वान्हरू पनि भारतको नागरिकता प्रणालीबारे गहिरो जानकारी नै सङ्ग्रह नगरी तथ्य एवं तर्कहीन तरीकाले बहस चलाउँदै आएका छन् । मिडिया ट्रायलमा त पत्रकार नै वकिल र न्यायाधीश पनि हुने गर्दछन्। कतिपयले भाारतमा पनि विदेशी महिलालाई सात वर्षपछि मात्रै नागरिकता दिइन्छ भन्ने कुतर्क गर्दै आएका छन् । यथार्थमा भारतमा विदेशी महिलाको परिभाषाभित्र नेपाली र भूटानीलाई राखिएकै छैन । अहिलेसम्म दशौं अथवा बीसौं लाख नेपाली महिलाले कुनै न कुनै भारतीयसित विवाह गरेका छन् तर आजसम्म कुनै पनि नेपाली चेलीले विदेशी महिलाको जस्तो सात वर्षपछि नागरिकता लिनुपरेको एउटा पनि रेकर्ड छैन। कुनै पनि नेपाली चेलीले भारतको नागरिकता नै लिनुपरेको छैन। जब कुनै भारतीयलाई नै नागरिकताको आवश्यकता पर्दैन भने कुनै नेपाली चेलीलाई नागरिकता दिने पनि किन ? भारतको नागरिकताको विषयमा बहस चलाउनुपूर्व भारतमा विवाह गरेकी कुनै नेपाली चेलीसित त एकपटक सोधपुछ गर्नुपर्दथ्यो नि ? नेपालमा कानूनका एकसे एक जानकार छन्। आफूलाई भारतीय मामिलाका जानिफकार बताउने एकसे एक स्वघोषित विद्वान्हरू पनि छन् कम्तीमा पनि यसबारे सत्यतथ्य जानकारी राख्नुपर्ने हो ।

नागरिकताबारे कथित राष्ट्रियताको खोल ओढेर सङ्कीर्ण र साम्प्रदायिक महेन्द्रवादी सोचका उत्तराधिकारीहरू घृणावादलाई मलजल गर्न कुनै कन्जुस्याइँ गर्दैनन्। हालै एउटा राष्ट्रिय अनलाइनमा प्रकाशित समाचार अनुसार विगत १३ वर्षमा ४ लाख जतिले वैवाहिक अङ्गीकृत नागरिकता लिए । यस हिसाबले एक वर्षमा ३७ हजार महिलाले वैवाहिक अङ्गीकृतको नागरिकता लिइरहेका छन्। मासिकरूपमा यो सङ्ख्या तीन हजारभन्दा अलि बढी हुन आउँछ। दैनिक एक सय दशजनाले यस्तो प्रकृतिको नागरिकता लिंदा रहेछन् । भारतको सिमानासित जोडिएका नेपालका २४ जति जिल्लाहरू छन्। वैवाहिक सम्बन्ध पनि दक्षिण मात्रै होइन पूर्व र पश्चिमबाट भइरहेका छन्। दैनिक प्रत्येक जिल्लामा चार पाँचजनाले वैवाहिक अङ्गीकृत नागरिकता लिंदैमा नेपाल फिजी बन्ने चिन्तन बोक्नेहरू दयाका पात्र हुन् । आफ्ना छोराछोरी अमेरिका, जर्मनी, जापान, अस्ट्रेलिया, न्युजिल्यान्ड, बेल्जियम, स्वीट्जरल्यान्ड, हङकङ र सिङ्गापुरमा जागीर गरिरहेका कारण विदेशको गुणगान गर्ने र नेपालको आर्थिक, सामाजिक एवं राजनीतिक अवस्थाप्रति व्यङ्ग्य गर्नेहरूले, नेपालमा रगत-पसिना बगाएर देशको अर्थतन्त्र, ज्ञान, विज्ञान, चिकित्सा र शिक्षा क्षेत्रमा तन, मन, धनले समर्पित भएका नेपालीहरू शङ्काका पात्र लाग्नु अस्वाभाविक होइन। विदेशमा आफ्नो बल, बुद्धि, विवेक, यौवन र पौरख खर्च गरिरहेकाले देशमा बस्नेलाई घृणाको पात्र ठान्नु पनि तिनको विशेष अधिकार हो। नेपालका युवा त विदेश जान दिनहुँ हजारौं सङ्ख्यामा परराष्ट्र मन्त्रालयको अध्यागमन विभागको कार्यालयमा र पासपोर्ट लिन प्रशासन कार्यालयहरूमा लाम लागिरहेका छन् । विगत २५४ वर्षदेखि वंशजकै नागरिकका सन्तानहरूले राजा, राणा, लोकतान्त्रिक र गणतान्त्रिक नेताको रूपमा देश चलाउँदै आएका छन् ? वंशजका नागरिकहरूले नै नेपाललाई कुन स्वीट्जरल्यान्ड, जापान, अमेरिका, साउदी अरब र सिङ्गापुर बनाइदिएका छन् ? अहिलेसम्म देशमा देखिएका तमाम विकृतिका लागि त वंशजको नागरिकता प्राप्त शासकहरू नै जिम्मेवार छन्।

नागरिकताको सवालमा नेकपा एमाले, नेकपाका विभिन्न घटकहरू र नेपाली काङ्ग्रेसले पनि दोहोरो मापदण्ड अँगाल्ने गरेकाछन् ।

राजा वीरेन्द्रको समयमा पनि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले नागरिकता विधेयक प्रमाणीकरणका लागि दरबारमा पठाएको थियो तर तत्कालीन राजाबाट त्यस विधेयकमा स्वीकृति प्रदान भएन र उनले सर्वोच्च अदालतबाट राय जान्ने काम गरे । सर्वोच्चले दिएको सुझाव अपेक्षित नै थियो किनभने नेपाली काङ्ग्रेसलाई समस्याको समाधान चाहिएको थिएन । केवल मधेसका मतदातालाई आफ्नो पक्षमा पार्ने निहित स्वार्थपूर्ति गर्नु थियो । सम्भवत: महन्थ ठाकुर (अहिलेका अभूतपूर्व मधेसवादी) त्यतिबेला देउवा सरकारमा कानूनमन्त्री थिए र उनले नै संविधान संशोधनसित सम्बन्धित विषयलाई अर्थ विधेयकको रूपमा बलजफ्ती पारित गराउन खोजेका थिए। त्यतिबेला पनि प्रतिनिधिसभाको बैठकमा नेपाल सद्भावना पार्टीका सांसद हृदयेश त्रिपाठीले नागरिकता समस्याको समाधान संविधान संशोधनबाट मात्रै हुन सक्ने भन्दै त्यस विधेयकलाई धोकाको संज्ञा दिने, त्यस अर्थ विधेयकबाट नागरिकता समस्याको समाधान हुन नसक्ने ठोकुवा नै गरेका थिए तर नेपाल सद्भावना पार्टीका सांसदहरूको सुझाव र आग्रहलाई महन्थ ठाकुरलगायत काङ्ग्रेसीहरूले टेरपुच्छर लाएनन्। चुनावको बेलामा गत वर्ष पनि नागरिकता विधेयक अध्यादेशमार्फत ल्याइएको थियो। आशय त राजनीतिक स्वार्थपूर्ति र चुनावी-लाभ केन्द्रित नै थियो। ओली सरकारलाई पनि राम्ररी थाहा थियो कि संसद्लाई छलेर ल्याएको विधेयक सर्वोच्च अदालतबाट अस्वीकृत नै हुन्छ । अहिलेको सरकारलाई पनि राम्ररी थाहा छ कि कथम्कदाचित राष्ट्रपतिबाट स्वीकृति प्रदान भएन र सर्वोच्च अदालतबाट राय जान्ने काम भयो भने नयाँ प्रतिनिधिसभा अस्तित्वमा नआउन्जेल यो विधेयक प्यान्डोरा बक्समा थन्किने छ । राष्ट्रपतिको भूमिका सन्देहमुक्त देखिएन । आफ्नो पुरानो राजनीतिक दलप्रतिको आसक्तिबाट भरसक उनी अहिले पनि पूर्णरूपेण मुक्त छैनन् भन्ने आशङ्का जन्मेको छ ।

# गौशालाको व्यवस्थापनको जिम्मा विश्वविद्यालयलाई

– गोपालप्रसाद बराल

महोत्तरी, २६ साउन/रासस

निगौल गाई रहेको गौशालाको व्यवस्थापकीय जिम्मेवारी कृषि तथा वनविज्ञान विश्वविद्यालयलाई दिनुपर्ने चर्चा बढेको छ। गौशाला नगरपालिका-३ नवराजपुरस्थित गौशालाको व्यवस्थापकीय जिम्मेवारी चितवनको रामपुरस्थित कृषि तथा वनविज्ञान विश्वविद्यालयमा हस्तान्तरण गर्नुपर्ने माग स्थानीयस्तरबाटै उठेको हो । हाल गौशालाको व्यवस्थापकीय जिम्मेवारी ललितपुरको हरिहरभवनस्थित राष्ट्रिय सहकारी विकास बोर्डमा रहेको छ ।

"पूर्वाधार र जग्गाजमीन प्रशस्त रहेको गौशालालाई गाई अनुसन्धान तथा राष्ट्रिय गाई अनुवांशिक केन्द्रका रूपमा विकास गर्नुपर्छ, जसले यो अध्ययन, अनुसन्धानको थलो बन्न सकोस्"- पूर्वमन्त्री तथा महोत्तरी-१ का सांसद गिरीराजमणि पोखरेल भन्छन्-"त्यसका लागि उक्त विश्वविद्यालयको आङ्गिक क्याम्पसलाई अघि बढाउन सकियोस्।" यसको दीर्घकालीन 'मोडल' बनाएर तत्काल अघि बढाउन आवश्यक रहेको उनको निष्कर्ष छ ।

विश्वविद्यालयको आबद्धतासँगै भेटेरेनरी काउन्सिलको अनुमति लिएर स्नातक तहको पशुपालन र पशु स्वास्थ्यसम्बन्धी पठनपाठन सञ्चालन गर्नसके गौवंशको गहिरो अनुसन्धान र नयाँ नश्लको विकास तथा सुधारको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुने यहाँका विद्वत्वर्गको विश्वास छ। उक्त बोर्डका सहअध्यक्ष मित्रराज दवाडी पनि गौशालाको समुचित विकास, सम्भार र यसलाई जीवनोपयोगी शिक्षा आर्जनको थलो बनाउन उक्त विश्वविद्यालयमा आबद्ध गराउन जोड दिन्छन् ।

विक्रम संवत् १९८३ मा भारतको बिहारस्थित दरभङ्गा महाराजले ब्रह्मदेव ठाकुरमार्फत जग्गाको बन्दोबस्त मिलाएर गाईको व्यवस्था गरी गौशाला स्थापना गराएका थिए। गोठसँगै गाईको चरनका लागि अत्यन्त उब्जाउ १५० बिघाभन्दा बढी जग्गा गौशालाका लागि उपलब्ध गराइएको थियो । उक्त जग्गा २०२२ सालको नापीमा लालपुर्जा नै उपलब्ध गराइएकोमा अहिले अतिक्रमित हुने क्रम बढेको उक्त नगरपालिकाको पडरिया निवासी बोर्डका सदस्य रामचन्द्र कुशवाहा बताउँछन् । "गौशालाको धेरै सम्पत्ति अतिक्रमण भयो, संरक्षण गर्ने कोही भएन"-उनी भन्छन्-"यसलाई रामपुर विश्वविद्यालयको अङ्ग बनाएर अघि बढाइए शिक्षाका क्षेत्रमा पनि ठूलो उपलब्धि हुन सक्छ ।"

गौशालाको प्रशस्त पूर्वाधार र उब्जाउ जग्गा भए पनि यसको व्यवस्थापकीय जिम्मेवारीमा लापरवाही देखिएको नगरप्रमुख डा दीपेन्द्र महतो बताउँछन् । सम्पत्ति संरक्षणमा कसैको चासो छैन, गौशालाका गाईको कन्तविजोग देखिन्छ । विसं २०६७ मा गौशालाको व्यवस्थापकीय जिम्मेवारी सरकारले बोर्डमा सारेपछि झनै अस्थव्यस्त बनेको उनको ठम्याइ छ। यसलाई कृषि शिक्षाकै एउटा पाटोमा जोडेर पशुपालनसम्बन्धी अध्ययनको थलो बनाउन सके दिगो विकास तथा उपलब्धिमूलक हुन सक्ने र यस्तो जिम्मेवारी हस्तान्तरणको कुरामा नगरपालिकालाई मुख्य संरक्षक बनाउनपर्ने नगरप्रमुख डा महतो बताउँछन्।

अहिले पनि गौशालामा ३०० सङ्ख्याको हाराहारीमा गाई छन् । गौशालाको रेखदेखमा अधिकृतसहित २१ कर्मचारीको दरबन्दी छ । अत्यन्त उब्जाउ १५० बिघा जग्गा अहिले पनि छ तर गौशालाको बेहाल रहेको गौशाला-४ का समाजसेवी अजय कुशवाहा बताउँछन् । बोर्डको बेवास्ताका कारण निगौल गाईको उचित रेखदेख, पौष्टिक आहार र उपचार नपाएर दुब्ला र पातला देखिन्छन् ।

"न गाईलाई उचित आहार छ, न खानपानको व्यवस्थित तालिका नै, गोठ पनि के भनौं ? खोरमा थुनिएका छन्"- कुशवाहा भन्छन्-"मानौं गौशालाका गाई थुनिएका कैदी हुन्।" खानपानको उचित प्रबन्ध र उपचार नपाएरै गाई जिङ्ग्राउँदै मर्ने क्रम बढेको उनको भनाइ छ। पछिल्लो एक वर्षभित्र गौशालाका २० भन्दा बढी गाई मरिसकेका छन् । हिन्दू परम्परामा गाई पूज्य मानिए पनि अहिले गौशालाको गाईको अवस्था बिजोगपूर्ण छ ।

"सबैजसो गाईका करङ देखिएका छन्, हाडछालामात्र देखिन्छ"-गौशाला-४ रजखोरका विमल सुवेदी भन्छन्- "सम्भार गर्न नसकिने गाई सरकारले गौशालामा राखेर किन बिजोग देखाएको होला, गौशालाको बेथिति र गैरजिम्मेवारपनले यहाँ वरपरका बासिन्दा आजित भइसकेका छन् । कर्मचारी त जागीर खान मात्रै देखिने हुन् । "

नवराजपुरकै गृहिणी शीलवती महतो भन्छिन्-"यस्तो अवस्था देख्नुभन्दा त

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## सुस्त गतिमा अर्थतन्त्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**राष्ट्रिय उत्पादन वृद्धि गर्ने, रेमिट्यान्सलाई व्यवस्थित बनाउने तथा स्वावलम्बी अर्थनीति अवलम्बन गर्ने कार्यमा सरकार, निजी क्षेत्र र नागरिक समाज सक्रिय भएर लाग्नुपर्ने आजको अपरिहार्य आवश्यकता छ । यसैतर्फ हाम्रो सबै प्रयास केन्द्रित हुनुपर्दछ ।**

सन् २०२२ को तुलनामा २०२३ मा विश्व अर्थतन्त्र झन् खराब अवस्थामा पुग्ने प्रक्षेपण गरिएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले हालै सार्वजनिक गरेको 'वर्ल्ड इकोनोमिक आउटलुक' प्रतिवेदनमा कोभिड महामारी यता निरन्तर ओरालो लागेको विश्व अर्थतन्त्र युक्रेनमाथि रूसको आक्रमण र त्यसले निम्ताएका सङ्कटहरूबाट थप ग्रसित हुने देखाएको छ। रूस–युक्रेन युद्ध, बढ्दो ऊर्जा र खाद्यान्न सङ्कट, कोभिड रोकथामका लागि चीनले अन्तर्राष्ट्रिय व्यापारमा लगाएको कडा प्रतिबन्धजस्ता कारणले विश्व अर्थतन्त्र तीव्र गतिमा सुस्ताइरहेको प्रतिवेदनमा उल्लेख छ । यसैगरी माग र आपूर्तिको असन्तुलनले विश्वव्यापी मुद्रास्फीति बढाइरहेको अवस्था देखिएको छ । सन् २०२१ मा ६.१ प्रतिशत रहेको विश्वको आर्थिक वृद्धिदर २०२२ मा ३.२ प्रतिशतमा खुम्चिने अनुमान प्रतिवेदनले गरेको छ । यस्तो वृद्धिदर सन् २०२३ मा थप खस्किएर २.९ प्रतिशतमा सीमित हुने प्रक्षेपण कोषको छ। ठूलो अर्थ व्यवस्था भएका र विकसित मुलुकहरूको आर्थिक वृद्धिदर तुलनात्मकरूपमा कम भए पनि आर्थिक मन्दीको विश्व सङ्कटबाट विकासशील र विकासोन्मुख मुलुकहरू बढी प्रभावित हुनेछन् । उन्नत अर्थ व्यवस्था रहेका देशहरूको आर्थिक वृद्धिदर आगामी वर्ष औसत १.४ प्रतिशत मात्रै रहने प्रक्षेपण गरिएको छ। विश्वका तीन ठूला अर्थतन्त्र मानिएका अमेरिका, चीन र युरोप क्षेत्रमा आर्थिक गतिविधि सुस्ताउँदै गएका छन्। सन् २०२१ मा ५.७ प्रतिशत आर्थिक वृद्धिदर हासिल गरेको अमेरिकाले सन् २०२२ मा २.३ र सन् २०२३ मा १ प्रतिशत मात्रै आर्थिक वृद्धि गर्ने अनुमान मुद्रा कोषको छ।

कोभिड महामारीपछि चीनले अन्तर्राष्ट्रिय व्यापारमा लगाएको प्रतिबन्ध र खस्केको घरजग्गा कारोबारको गम्भीर असर त्यहाँको अर्थतन्त्रमा देखिएको छ। चीनले सन् २०२२ मा ३.३ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने ठानिएकोमा सन् २०२३ मा ४.६ प्रतिशतको वृद्धि हासिल गर्नेछ। त्यस्तै भारतले यस वर्ष ७.४ र आगामी वर्ष ६.१ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने मुद्रा कोषले जनाएको छ । नेपालले चालू आर्थिक वर्षका लागि ८ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने र मूल्यवृद्धि ७ प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने अनुमान गरेको छ । तर अर्थतन्त्रमा देखिएको विश्व सङ्कटले नेपालको उक्त लक्ष्य प्राप्तिमा पनि असर पार्ने देखिएको छ । अहिले विश्वका सबैजसो मुलुकले चरम मूल्यवृद्धि खेपिरहेका छन् । यस वर्ष विश्वको मुद्रास्फीति दर ८.३ सम्म पुग्ने अनुमान मुद्रा कोषको छ। अमेरिका र बेलायतमा मूल्यवृद्धि पछिल्लो ४० वर्ष यताकै उच्च अङ्कमा पुगेको छ। यो चुनौतीको सामना गर्न नीति निर्माण तहले मुद्रास्फीति नियन्त्रणलाई प्राथमिकतामा राख्नुपर्ने र केन्द्रीय बैंकहरूले कडा मौद्रिक व्यवस्था अँगाल्नुपर्ने सुझावसमेत प्रतिवेदनमा उल्लेख छ । कडा खालका वित्तीय र मौद्रिक नीति अँगाल्दा सार्वजनिक ऋण बढी भएका मुलुकहरू थप समस्यामा पर्नेछन् । उच्च ब्याजदर र तरलता समस्याले सानो अर्थतन्त्र भएका मुलुकहरू नराम्ररी पिरोलिने पनि कोषको अनुमान छ।

नेपाल आन्तरिक र बाह्य दुवै परिधिबीच गम्भीर आर्थिक सङ्कटबाट गुज्रँदै जान लागेको अनुमान गरिएको छ। रूस–युक्रेन युद्धका कारण इन्धनमा मूल्यवृद्धि र यसले उब्जाएको बहुआयामिक क्षेत्रमा परेको प्रभावका कारण नेपालको अर्थतन्त्र सङ्कटमा रहेको विभिन्न तथ्याङ्कले देखाएको छ। ऋणको माग बढ्दै जानु र पुनर्कर्जा वितरण गर्ने राष्ट्र बैंकको नीतिले राष्ट्रमा ठूलो तरलताको अभाव सिर्जना हुन पुगेको देखिन्छ। देशको पूँजी निर्माण प्रक्रियालाई सीमित घेराभित्र राखिएकोले देशको आर्थिक अवस्था श्रीलङ्काजस्तो हुन सक्ने अनुमान पनि गर्न थालिएको छ। नेपालको व्यापार घाटा बढ्दै जाँदा अर्थतन्त्र परनिर्भर, थप कमजोर र जोखिमयुक्त बन्दै गएको छ । जबसम्म आन्तरिक उत्पादन वृद्धि हुँदैन र आयात प्रतिस्थापन हुँदैन, तबसम्म व्यापारघाटा बढ्दै जाने निश्चित छ । रेमिट्यान्स मुलुकको अर्थतन्त्रको मेरुदण्ड नभए पनि अहिले भरपर्दो आधार बनेको छ । यही रेमिट्यान्सले गर्दा उपभोक्ता–संस्कृतिमा वृद्धि भई आयातमाथि थप दबाब परेको छ। फलस्वरूप बर्सेनि उपभोग्य वस्तुदेखि विलासिताका वस्तुको आयातमा वृद्धि भइरहेको तथ्याङ्क छ । तर आन्तरिक उत्पादन वृद्धि हुन नसकेको र राष्ट्रिय व्यापार एकीकृत रणनीतिले नै निकासीयोग्य वस्तुको सूचीमा राखेका वस्तुकै पनि निर्यात प्रवर्द्धन हुन नसक्दा आयात–निर्यात अन्तरमा उल्लेखनीय वृद्धि भएको छ । फलस्वरूप व्यापारघाटा चुलिएर अर्थतन्त्र निकै जोखिममा परेको छ । आर्थिक वर्ष २०७८–०७९ मा मुलुकको व्यापार घाटा रु १७ खर्ब २० अर्ब ४१ करोड पुगेको छ। यो अघिल्लो आर्थिक वर्षको तुलनामा २३ प्रतिशतले वृद्धि भएको भन्सार विभागको तथ्याङ्क छ। आव. २०७७–७८ मा यस्तो घाटा रु १३ खर्ब ९८ अर्ब ७१ करोड थियो । अत्यावश्यक वस्तु मात्रै नभई विलासिताका वस्तुको उच्च आयातले व्यापार घाटा चुलिएको हो । अर्थतन्त्र जोखिमपूर्ण भइरहँदा पेट्रोलियम पदार्थ, सुन, मोबाइल, एमएस बिलेटसँगै स्वदेशमैं उत्पादन गर्न सकिने खाद्यवस्तुको आयात पनि उच्च दरले बढेको छ, जसले गर्दा व्यापार घाटा वृद्धि भएको हो ।

अन्तर्राष्ट्रिय बजारमा भइरहेको मूल्यवृद्धिले पनि व्यापार घाटा बढाउन सघाएको छ। आयातसँगै निर्यात व्यापार पनि बढेको तथ्याङ्क भन्सार विभागको छ । आयात व्यापार बढेर १९ खर्ब २० अर्ब ४४ करोड र निर्यात व्यापार २ खर्ब ३ करोड रुपियाँ पुगेको छ। आयात व्यापार २४.७२ प्रतिशतले वृद्धि हुँदा निर्यात ४१.७४ प्रतिशतले बढेको छ । तर विडम्बना, स्वदेशमैं उत्पादित वस्तुले निर्यात बढाइदिएको भने पक्कै होइन । झट्ट हेर्दा निर्यात राम्रो देखिन्छ । तर, व्यवसायीले तेस्रो मुलुकबाट आयात गरेको भटमास, कच्चा पाम तेल, सूर्यमूखी तेल प्रशोधन गरेर निर्यात गरेको देखिन्छ । सरकारी निर्यात दिगो बनाउन स्वदेशमैं गुणस्तरीय वस्तुको उत्पादनमा जोड दिनुपर्ने अहिलेको आवश्यकता हो। कोरोना भाइरस सङ्क्रमणको नियन्त्रणसँगै विदेशी मुद्रा सञ्चिति क्रमशः बढ्दै जाने क्रमले तत्कालै चिन्ता गर्नु नपर्ने तर्क र प्रमाण पनि सँगसँगै रहेको वर्तमान परिस्थितिमा डलरमैत्री वातावरणका लागि एकपटक औपचारिक प्रणालीमार्फत रेमिट्यान्स ल्याउन प्रोत्साहन गर्नुपर्ने देखिन्छ । मध्यमार्गी धारबाट हेर्दै गर्दा नेपालले जिडिपी अनुपातमा कर्जा ५०–६० प्रतिशत नरहेसम्म चिन्ता लिनुपर्ने स्थिति छैन भन्दा पनि हुन्छ ।

राष्ट्रिय उत्पादन वृद्धि गर्ने, रेमिट्यान्सलाई व्यवस्थित बनाउने तथा स्वावलम्बी अर्थनीति अवलम्बन गर्ने कार्यमा सरकार, निजी क्षेत्र र नागरिक समाज सक्रिय रहेमा आर्थिक धरातल बलियो भई देश श्रीलङ्काको अवस्थाबाट मुक्त हुन सक्दछ। सरकारले विदेशी प्रत्यक्ष लगानी (एफडिआई) आकर्षित गर्न अहिले रेमिट्यान्स खातालाई एक प्रतिशतभन्दा बढी ब्याज दिंदैछ । गैरआवासीय नेपालीले लगभग एक हजार डलर मात्र डिपोजिट गरेर रेमिट्यान्स खाता खोल्न सक्छन्। यसलाई महत्त्वपूर्ण कदम मान्न सकिन्छ। नेपाली अर्थतन्त्रका मुख्य बाधकका रूपमा रहेका ऋणको व्यापक दुरुपयोग अर्थात् कृषि ऋण निकालेर रियल इस्टेटमा लगानी गर्दा बैंकलाई बेवास्ता गर्नु, विलासिताका सामानको आयातमा भएको ठूलो खर्च नियन्त्रण गर्न ठोस पहल नगर्नु, अन्य मुलुकमा सुन र चाँदी तस्करी नियन्त्रण गरी डलर बाहिरिनबाट देशलाई जोगाउन कानूनी कारबाई फितलो हुनुजस्ता कुरामा सरकारी निकाय संवेदनशील रहनुपर्ने स्थिति देखिन्छ ।

हालको मनसुनको समयमा हामीसँग ८०० मेगावाटभन्दा बढी बिजुली छ। यो हाम्रा लागि विद्युतीय यातायात र उद्योगमा परिवर्तन गर्ने अवसर हो । सरकारले यसमा ध्यान केन्द्रित गर्नुपर्ने अहिलेको आवश्यकता हो । अहिलेसम्म हामीसँग वैदेशिक ऋण चुक्ता गर्ने क्षमता रहेको देखिन्छ । जसकारण हामीले विकास साझेदारबाट अनुदान सहायता पाउनुका सट्टा ऋण मात्र पाउँदै आएका छौं। यसले आगामी वर्ष हाम्रो राष्ट्रिय ऋण अझ बढ्न सक्ने अवस्था देखिएको छ । त्यसैले हामीले आफ्नो जिडिपीलाई ध्यानमा राख्दै करको दर, अन्य एशियाली मुलुकको तुलनामा, घटाउनुपर्ने अवस्था देखिएको छ। यसो गर्न सकिएन भने प्रत्यक्ष वैदेशिक लगानी आउने सम्भावना अत्यन्त न्यून हुन्छ । विश्वका अधिकांश मुलुकमा केन्द्रीय बैंकले मूल्यवृद्धि नियन्त्रण गर्ने मौद्रिक नीति लिएकोमा नेपालले पनि सोही अनुरूप गर्नुपर्ने परिस्थिति आइपरेको छ। देशको अर्थतन्त्र समग्रमा चलायमान बनाउन स्थानीय तह नै मूलरूपमा चलायमान हुनुपर्छ। स्थानीय सरकारका कार्यक्रममा बजेटको व्यापक प्रभाव रहने हुँदा बजेट तयार गर्दा नयाँ आयोजना थप्नेभन्दा पनि विद्यमान आयोजना पूरा गर्नेतर्फ सरकारको नीति, रणनीति र कार्यनीति केन्द्रित हुनुपर्दछ । पुराना कार्यक्रमलाई अलपत्र पारेर सस्तो लोकप्रियताका लागि नयाँ कार्यक्रम ल्याउनु घातक हुनेमा सरकार मौन बस्न मिल्दैन। विकास बजेटको हरेक कदम राष्ट्रको समृद्धिसँग जोड्दै लग्न योजना कार्यान्वयनमा सरकार दृढ सङ्कल्पित हुनुपर्ने अहिलेको अपरिहार्य आवश्यकता हो । कृषि, पर्यटन, जलविद्युत् र उद्यमशीलतालाई प्राथमिकतामा राख्दै गर्दा घरेलु उत्पादन बढाउनु, निर्यातमा सुधार ल्याउनु, अर्थतन्त्रलाई उत्साहित बनाउन आयात निरुत्साहित गर्नुका साथै अर्थतन्त्रका सामान्य सूचकलाई पनि सकारात्मक बनाउँदै लग्न सक्नुपर्दछ । यसले गर्दा तरलता अभाव क्रमशः हट्दै जाने र वैदेशिक विनिमय सञ्चिति बढ्दै जाने हुनाले यसतर्फ सरकारको गम्भीर ध्यान जान जरूरी छ। अन्त्यमा, राष्ट्रिय उत्पादन वृद्धि गर्ने, रेमिट्यान्सलाई व्यवस्थित बनाउने तथा स्वावलम्बी अर्थनीति अवलम्बन गर्ने कार्यमा सरकार, निजी क्षेत्र र नागरिक समाज सक्रिय भएर लाग्नुपर्ने आजको अपरिहार्य आवश्यकता छ। यसैतर्फ हाम्रो सबै प्रयास केन्द्रित हुनुपर्दछ ।

## ट्राफिक प्रहरीद्वारा गत आवमा दुई करोड ८५ लाख जरिवाना असुली

प्रस, परवानीपुर, २६ साउन/

जिल्ला ट्राफिक प्रहरी कार्यालय, पथलैयाले गत आव २०७८/०७९ मा दुई करोड ८५ लाख २१ हजार ५०० जरिवाना असुल गरेको छ ।




३० हजार ७९४ गाडीलाई कारबाई गरेर त्यति जरिवाना असुल गरेको ट्राफिक प्रहरी कार्यालय, पर्साले जनाएको छ । कार्यालयले १५ हजार ८५३ वटा ट्रकलाई कारबाई गरेर रु एक करोड ८५ लाख ८४ हजार, एक हजार ४१८ वटा बसबाट रु १० लाख ४५ हजार, एक हजार ९५७ कार, जीप, भ्यानबाट रु १२ लाख ७७ हजार, एक हजार १६६ वटा ट्याक्टरबाट रु सात लाख ६६ हजार, छ हजार ६२२ वटा मोटरसाइकलबाट रु ४५ लाख ५८ हजार, टेम्पो र अन्य गरी तीन हजार ६७८ वटा सवारीसाधनबाट रु २२ लाख ८९ हजार गरी कसल दुई करोड ८५ लाख २१ हजार राजस्व सङ्कलन गरेको छ ।

यसैबीच, अघिल्लो आव २०७७/७८ मा कुल २६ हजार १६७ सवारी साधनलाई कारबाई गरी रु दुई करोड १० लाख ७८ हजार राजस्व असुल भएको थियो भने सोभन्दा अघिल्लो आव २०७६/७७ मा कुल १९ हजार ५७७ वटा सवारी साधनलाई कारबाई गरेर रु एक करोड ८९ लाख ६५ हजार राजस्व असुल भएको थियो ।

## प्रतितोला पाँच सयले घट्यो सुनको मूल्य

काठमाडौं, २६ साउन/रासस

सुनचाँदी बजारमा बिहीवार छापावाल सुनको मूल्य प्रतितोला रु ५०० ले घटेर रु ९६ हजार ६०० तोकिएको छ। पहेंलो धातु अघिल्लो दिन प्रतितोला रु ९७ हजार १०० मा कारोबार भएको थियो ।




नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९६ हजार १०० छ। अघिल्लो दिन प्रतितोला रु ९६ हजार ६०० थियो ।

त्यस्तै, आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु ५०० ले घटेर रु एक हजार २२५ तोकिएको छ। महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यको तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ।

## कालिकामाई गापा कार्यालय टिकटक बनाउने थलो

प्रस, परवानीपुर, २६ साउन/

कालिकामाई गाउँपालिकाको कार्यालय टिकटक बनाउने थलो बनेको छ । जनप्रतिनिधिबीच गाउँसभाको विषयमा सहमति हुन नसक्दा पटक–पटक गाउँसभा आह्वान गरिंदा पनि गाउँसभा हुन सकेको छैन । जसले गर्दा अहिले कार्यालयका कर्मचारी तथा गापा अध्यक्षका आसेपासेहरू टिकटक बनाएर समय बिताउँदै छन् ।

गापा अध्यक्ष वशिष्ठ कलवारले वडाध्यक्षहरूको वार्षिक बजेटमा कटौती गरेपछि वडाध्यक्षहरूले उनको विरोध गरिरहेका छन्। वर्षमा डेढ करोडसम्म भागबन्डा पाउने वडाध्यक्षलाई ३० लाख मात्र दिएपछि उनीहरू गापा अध्यक्षको विरुद्ध खनिएका छन् । गापा अध्यक्षले अनुत्पादक शीर्षकमा करोडौं बजेट खर्च गर्न लागेको र आफ्नो नियन्त्रणमा केही बजेट राखेका कारण वडाध्यक्षहरूले गाउँसभा हुन नदिएको बताइएको छ।


गाउँसभाको विषयमा विवाद हुँदा एकपटक झडपसमेत भएको थियो । त्यसपछि दुवै पक्षबाट गाउँसभा गर्ने विषयमा खासै चासो दिइएको छैन । त्यसैको फाइदा उठाउँदै विभिन्न शाखाहरूमा कर्मचारीहरू कुर्सीमैं बसी टिकटक बनाउँदै रमाउने गरेका छन् । अध्यक्षका समकक्षी, सहयोगी र कार्यकर्ताहरूले कार्यालयका विभिन्न सामग्री दुरुपयोग गर्ने गरेको स्थानीयले आरोप लगाएका छन् ।

कार्यालय समय सकिएपछि गापाका कर्मचारीहरू बाहिर निस्किने बित्तिकै अध्यक्ष कलवारका निकटतमहरू कार्यालयमा प्रवेश गरेर मस्ती गर्ने गरेको टिकटक भाइरल भएको छ ।

प्राप्त प्रमाण अनुसार केही दिनअघि साढे ४ बजे गापाका सबै कर्मचारी घर बाहिरिपछि कार्यालय रेखदेख गर्ने सुरक्षागार्डले कार्यालय बन्द गरेनन् ।

कार्यालय बन्द गर्न नपाउँदै वडा नं ३ का अध्यक्ष सञ्जय पटेलका भतिजा पर्ने सुजित पटेललगायत चार/पाँच जना गापा कार्यालयमा पसेका थिए ।

कार्यालयमा प्रवेश गरेर सुजितले कार्यालयको सामान दुरुपयोग गर्दै टिकटक भिडियो बनाएको दृश्य सामाजिक सञ्जालमा भाइरल बनेको छ ।



गापा कार्यालयको कुर्सीमा बसेर टिकटक बनाउँदै एकजना युवा । तस्वीर:प्रतीक

# यस्तो छ सेनाले जिम्मा लिएको गौरव र प्राथमिकता प्राप्त सडक आयोजनाको प्रगति

-नारायण ढुङ्गाना

काठमाडौं, २६ साउन/रासस

भौगोलिक जटिलता भएका राष्ट्रिय गौरवसहितका प्राथमिकता प्राप्त सडक आयोजना निर्माणमा नेपाली सेनाले जिम्मेवारी प्राप्त गरी कार्य अघि बढाएको छ।

सरकारको विभिन्न समयमा भएको निर्णयबाट नेपाली सेनाको उच्च कार्यसम्पादन क्षमतालाई मध्यनजर गर्दै उक्त जिम्मेवारी सेनाले प्राप्त गरेको हो। नेपालको संविधान २०७२ को धारा २६७ मा नेपाली सेनालाई राष्ट्रिय सुरक्षाका साथै विकास निर्माण र विपद् व्यवस्थापनलगायत कार्यमा लगाउन सकिने उल्लेख छ।

त्यही धारामा टेकेर राष्ट्रिय सुरक्षा, विपद् व्यवस्थापनका साथै सेनाले ती जिम्मेवारी पाएको हो।

सेनाले काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना, कर्णाली करिडर, महाकाली करिडर, कोशी करिडरका विभिन्न खण्डमा जिम्मेवारी प्राप्त गरेको छ। ती आयोजनाको निर्माण धमाधम चलिरहेको छ। सबै आयोजना प्राथमिकता प्राप्त रहेकाले पनि चाँडो सक्नुपर्ने दबाब कायम छ।

तीमध्ये राष्ट्रिय गौरवको आयोजना द्रुतमार्ग अति महत्त्वपूर्ण आयोजना हो। यसले तराईलाई राजधानीसँग सीधा सम्पर्क गराउँछ। तर त्यही आयोजनामा आशातीत प्रगति हुन सकिरहेको छैन। खोकनाको जग्गा प्राप्तिमा देखिएको समस्याले खरीद प्रक्रिया नै अवरुद्ध हुन पुगेको रक्षा मन्त्रालयका सहसचिव बाबुराम अधिकारीले बताएका छन्। अन्य आयोजनामा पनि समस्या र चुनौती देखिंदै आएको छ।

यी यावत् कारणले ती आयोजना सम्पन्न गर्न चुनौतीसँग थप समय र खर्च लाग्ने देखिएको छ।

रक्षा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बुधवारको बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाले पनि द्रुतमार्ग निर्माणका सवालमा बढी चासो व्यक्त गरेका थिए। सेनाको उच्च कार्यसम्पादन क्षमतालाई मध्यनगर गरी राष्ट्रिय गौरवको योजना निर्माणको जिम्मासमेत सेनालाई दिइएको उल्लेख गर्दै उनले तराईलाई राजधानीसँग छोटो दूरीबाट जोड्ने द्रुतमार्ग निर्माणलाई जतिसक्दो चाँडो सम्पन्न गर्नुपर्ने आवश्यकतातर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराएका थिए।

बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष विश्वनाथ पौडेलले द्रुतमार्गलगायत आयोजना छिटो सम्पन्न गर्दा मुलुकलाई ठूलो आर्थिक लाभ हुने बताए। रक्षा सचिव किरणराज शर्माका अनुसार मन्त्रालय र मातहतको एकीकृत विश्लेषण गर्दा आर्थिक वर्ष २०७८-७९ मा पूँजीगततर्फ ६१.९७ र भौतिक प्रगति ६५.०५ प्रतिशत हासिल भएको छ।

कतिपय कार्यक्रम प्रगति उत्साहजनक भए पनि सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति, राष्ट्रिय प्रतिरक्षा, विश्वविद्यालयको पूर्वाधार निर्माण एवं बङ्करदेखि ब्यारेकसम्म कार्यक्रममा अपेक्षित उपलब्धि कम हुँदा समग्रमा प्रगति कम देखिएको उनको दाबी छ।

कार्यक्रम कार्यान्वयनका सन्दर्भमा काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनको खोकना इलाकाको जग्गा प्राप्तिसम्बन्धी विवाद पेचिलो बन्दा प्रभावित भएको छ। यस्तै राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यक्रम बहुवर्षीय आयोजनाका रूपमा स्वीकृत हुन सकेन।

विदेशी मुद्राको सञ्चितिमा परेको चापका कारण हतियार एवं उपकरणका लागि विनियोजित रकम खर्च हुन नसकेकोले अपेक्षित प्रगति हासिल नभएको रक्षा मन्त्रालयले जनाएको छ।

बैठकमा प्रधानसेनापति प्रभुराम शर्माले आयोजनाहरू समयमैं निर्माण सम्पन्न गर्ने कोशिश भने जारी रहेको बताएका छन्। विभिन्न क्षेत्रमा पहुँच मार्गको अभाव, चीसो, जोखिम क्षेत्र, भौगोलिक वातावरणलगायत कारणले कतिपय आयोजनामा समस्या हुने गरेको उनले बताए। प्रधानसेनापति शर्माले हुम्ला जाने कर्णाली करिडरमा चट्टान रहेकोले चुनौती थपिंदा निर्माण ढिला हुने आशङ्का व्यक्त गरे। सेनाले जिम्मा लिएका प्राथमिकता प्राप्त आयोजनाको प्रगति सकारात्मक रहेको जनाइएको छ।

**काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजना**

खोकनाको जग्गा प्राप्ति विवादले प्रभावित भइरहेको काठमाडौं-तराई/मधेस द्रुतमार्ग आयोजनाको भौतिक प्रगति जम्मा २१.१८ प्रतिशत र वित्तीय प्रगति १९.५८ प्रतिशत छ। विभिन्न ११ प्याकेजमा काम भइरहेकोले प्याकेज अनुसारको प्रगति फरक-फरक रहेको र सोही अनुसार काम जारी छ।

आयोजनाको विस्तृत परियोजना प्रतिवेदन २०७६ भदौ १ मा स्वीकृत भएर काम अघि बढाइएको थियो। उक्त आयोजनाको लम्बाइ ७२.५ किलोमिटरको छ। तीनवटा (महादेवडाँडा, धेद्रे र लेनडाँडा)मा गरी ६.४१ किलोमटिर सुरुङमार्ग रहेको छ। कुल ८७ वटा पुल निर्माण गर्नुपर्नेछ।

आयोजनको कुल लागत एक खर्ब ७५ अर्ब १९ करोड ३५ लाख रहेको छ। चालू आवमा भने त्यसका लागि रु ३० अर्ब बजेट छुट्याइएको छ। यसको प्रस्थानविन्दु ललितपुरको खोकना र अन्तिम विन्दु बाराको निजगढ हो। कुल ५ हजार १ सय ७२ रोपनी जग्गाको मुआब्जा वितरण गर्नुपर्नेमा ४ हजार ७ सय ४५ रोपनीको मुआब्जा वितरण भएको छ।

उक्त आयोजना विभिन्न ११ प्याकेजमा विभाजन गरी निर्माण कार्य जारी रहेको छ। प्याकेज-१ र २ मा पर्ने सुरूङमार्गको ड्इङ डिजाइन स्वीकृत भई निर्माण कार्य थालिएको छ। अन्य प्याकेजका पनि आवश्यक तयारीका काम सकेर कार्य प्रक्रिया अघि बढाइएको छ। तर प्याकेज ११ मा परेको खोकना इलाकामा रहेको जग्गा प्राप्तिसम्बन्धी विवादका कारण ठेक्का व्यवस्थापन कार्य नै हुन सकेको छैन।

**कर्णाली करिडोर**

मन्त्रिपरिषद्को २०७८ असोज ५ को निर्णयानुसार नेपाली सेनालाई उक्त करिडरको लालीबगरबाट दुल्लीकुना (सात किमी) र घाटपारी चौर बद्रीगाउँबाट भुक्काखोलासम्मको कर्णाली किनारको १३ किलोमिटर ट्र्याक खोल्ने जिम्मेवारी छ।

यस्तै मन्त्रिपरिषद्को २०७८ फागुन १६ को निर्णयसमेत गरेर कुल २२ किलोमिटर निर्माणको जिम्मेवारी सेनाको छ। जस अन्तर्गत सेनालाई आव २०७८-७९ मा प्राप्त जिम्मेवारीमा वित्तीय प्रगति ८९.७२ र भौतिक प्रगति १०० प्रतिशत पूरा भएको जनाइएको छ।

**कोशी करिडर**

उक्त करिडर अन्तर्गत खाँदवारी-किमाथाङ्का खण्डको १०.५१ किलोमिटर निर्माणको जिम्मा नेपाली सेनाले पाएको छ। सेनाले विसं २०७७ माघ २४ गतेदेखि निर्माण शुरू गरेको उक्त आयोजनाको गत आर्थिक वर्षमा तीन किलोमिटर ट्र्याक खोल्ने जिम्मेवारी थियो। जस अनुसार वित्तीय प्रगति ८५.३५ र भौतिक प्रगति १०० प्रतिशत भएको छ। उक्त क्षेत्रको वरुणखोलामा बाढीले कल्भर्ट बगाएकोले सामान ढुवानीमा कठिनाई भइरहेको जनाइएको छ।

**बेनीघाट आरूघाट लार्के भञ्ज्याङ सडक**

विसं २०७३ को मन्त्रिपरिषद् निर्णयले त्यहाँको ९२ किलोमिटर सडक निर्माणको जिम्मा सेनाले पाएको थियो। आव २०७८-७९ सम्म तीनवटा क्याम्प निर्माण तथा ३२.५ किलोमिटर ट्र्याक निर्माण सकिएको छ। त्यसमध्ये १८ किलोमिटर सडक विभागलाई हस्तान्तरणसमेत भइसकेको छ।

चालू आवका लागि वित्तीय प्रगति ८७.३९ र भौतिक प्रगति १०० प्रतिशत रहेको छ। मनास्लु क्षेत्रको वातारवणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्राप्त नहुँदा काममा केही समस्स्यत देखिएको जनाइएको छ।

**महाकाली करिडर**

उक्त करिडरको ७९ किलोमिटर सडक निर्माणको जिम्मा सेनाले प्राप्त गरेको छ। मन्त्रिपरिषद्को २०७७ वैशाख १४ को निर्णयले कोठेधार-टिङ्कर खण्ड ७५ किमी र २०७८ माघ १७ को निर्णयले तुषारपानीबाट कोठेधार खण्डको चार किमी सडक निर्माणको जिम्मा पाएको थियो।

प्राप्त विवरणमा दार्चुला-टिङ्कर सडकको वित्तीय प्रगति ९१.५४ र भौतिक प्रगति ९९ प्रतिशत रहेको छ। उक्त क्षेत्रमा सडक निर्माणका लागि बम विस्फोट गराउनुपर्ने र त्यसरी विस्फोट गराउँदा टुक्राहरू भारतीय क्षेत्रमा जाने हुँदा समन्वय गरी काम गर्नुपर्ने आवश्यकता सेनाले औंल्याएको छ।

यस्तै पहिरो जाने क्षेत्र परेकोले सडक विभागको क्षेत्रमा पर्ने ठाउँको आवश्यक व्यवस्थापन गरी आयोजना निर्माणको काममा समस्या नआउने अवस्था सिर्जना गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

# गुनासो सुनवाइसम्बन्धी अभिमुखीकरण

प्रस, पोखरिया, २६ साउन/

पोखरिया नगरपालिकाको आयोजनामा गुनासो सुनवाइसम्बन्धी एवं बालिका तथा समावेशी शिक्षा सञ्जालसम्बन्धी एक दिने अभिमुखीकरण गोष्ठी सम्पन्न भएको छ।



तस्वीर: प्रतीक

पोखरियामा सम्पन्न कार्यक्रमको अध्यक्षता पोखरियाका नगरप्रमुख प्रद्युम्न चौहानले गरेका थिए।

सोही अवसरमा उपप्रमुख रूबी ठाकुरको अध्यक्षतामा १३ सदस्यीय बालिका तथा समावेशी शिक्षा सञ्जाल पुनर्गठन गरिएको छ। लवराज ओलीको सहजीकरणमा भएको कार्यक्रममा सञ्जालका प्रतिनिधिहरू जस्तै सामाजिक विकास शाखाका प्रतिनिधि, स्वास्थ्य शाखाका प्रतिनिधि, प्रअहरूलगायतको सहभागिता थियो।

अभिमुखीकरणमा गुनासो पेटिका राख्दा कार्यालयसम्बन्धी गतिविधिको गोप्यरूपमा गुनासो आउने भएकाले कुनै पनि संस्था अथवा पालिकामा सुशासन कायम गर्नको लागि यो निकै महत्त्वपूर्ण भएको बताइएको थियो।

# बौधीमाई मन्दिरमा मेला



तस्वीर: प्रतीक

नितेश कर्ण, वीरगंज, २६ साउन/

कोरोनाको कारण स्थगित हुँदै आएको बौधीमाई मेला यस वर्ष लागेको छ। प्रत्येक वर्ष रक्षाबन्धनको एक दिन अगाडि वीरगंज महानगर-१६ नगवास्थित बौधीमाई मन्दिरमा मेला लाग्ने गरेको थियो। बौधीमाई मेलामा वीरगंज आसपास र सीमावर्ती रक्सौलबाट ठूलो सङ्ख्यामा भक्तजनहरू आउने गर्छन्। मेला भर्न आउनेहरूले भाकल अनुसार आजको दिनमा बोका, हाँस, कुखुराको बलि दिने गरेका छन्।

मेलामा पहिलो पूजा मन्दिरका संस्थापक परिवारका गौरीशङ्कर साह कानू, लखन साह कानू, अमर साह, पाशपत साह, मदन साह, मनोहर साहलगायतबाट भएको थियो। त्यसपछि अन्य व्यक्तिहरूको लागि मन्दिर खुला गरिएको थियो। आज मन्दिरमा पूजा गर्न आउनेहरूको ठूलो घुइँचो थियो।

# जनलोकपाल आयोगमा १८ उजूरी दर्ता, कर्मचारी अभावले अनुसन्धानमा समस्या

जनकपुरधाम, २६ साउन/रासस

मधेस प्रदेश सरकारद्वारा गठित जनलोकपाल आयोगमा आर्थिक वर्ष २०७८-७९ मा अनियमिततासम्बन्धी १८ वटा उजूरी दर्ता भएको छ। अनियमितता तथा भ्रष्टाचारसम्बन्धी उजूरी दर्ता भए पनि जनशक्ति व्यवस्थापन हुन नसक्दा आयोगले हालसम्म एउटा पनि उजूरीको अनुसन्धान पूरा गर्न सकेको छैन।

२०७८ भदौमा स्थापित उक्त आयोगमा अनियमितता तथा भ्रष्टाचारसम्बन्धी १८ वटा उजूरी दर्ता भए पनि जनशक्ति अभावका कारण हालसम्म कुनै पनि उजूरीमा अनुसन्धान पूरा गर्न नसकेको आयोगका अध्यक्ष रामसहाय राय यादवले जानकारी दिए। सबैभन्दा बढी राजधानीका स्थानीय तहमा भएको अनियमिततासम्बन्धी उजूरी छन्। प्रदेशभित्र सार्वजनिक निकाय तथा संस्थामा भएको अनियमितता छानबीन गरी दोषीमाथि कारबाई अघि बढाउने अधिकारसहित गठन भएको उक्त आयोगले लामो समयसम्म नियमावली र कर्मचारी नपाउँदा परेको उजूरीमाथि छानबीन अघि बढाउन नसकिएको उनको भनाइ थियो। स्थानीय तहबाट सञ्चालित विकास योजनामा भ्रष्टाचार भएको र नियुक्ति प्रक्रियामा अनियमितता भएको भन्दै आयोगमा उजूरी दर्ता भए पनि कर्मचारी आभावमा फाइल हेर्न नसकेको अध्यक्ष यादवले बताए।

प्रदेशका धनुषा, महोत्तरी, रौतहटलगायत जिल्लाबाट यस्तो प्रकारका उजूरी बढी दर्ता भएको छ। "आयोगमा ३३ कर्मचारीको दरबन्दी भए पनि अहिले कार्यालय प्रमुखमात्र स्थायी कर्मचारी छन्"-अध्यक्ष यादवले भने-"एक त प्रचार-प्रसार नभएर धेरै उजूरी आएको छैन, आएका उजूरी फाइल पनि कर्मचारी अभावका कारण अध्ययन गर्न सकिएको छैन।"





तस्वीर: फाइल

नियमावली र कर्मचारी पठाउन पटक-पटक प्रदेश सरकारलाई पत्राचार गरे पनि अहिलेसम्म न नियमावली आयो, न कर्मचारी नै, उनको गुनासो थियो। "मुद्दाको अनुसन्धान गर्न कानूनका कर्मचारी चाहिन्छ, छापा मार्न प्रहरी चाहिन्छ"-अध्यक्ष यादवले भने-"अहिले हामीसँग न कानून शाखाका कर्मचारी छन्, न प्रहरी नै छ, कसरी काम गर्ने ?"

आयोगमा विभिन्न ४७ वटा पदका लागि कर्मचारी माग गरिएकोमा गत मङ्सिर १७ गत प्रदेश सरकारले ३३ कर्मचारी दरबन्दीको स्वीकृति दिएको थियो। प्रदेश सरकारले भ्रष्टाचारमुक्त, उत्तरदायी र सुशासनसहित नागरिकका अधिकार सुनिश्चित गरी आर्थिक सुशासन कायम गर्ने उद्देश्यले गत भदौ २२ गते आयोगका पदाधिकारी नियुक्त गरेको थियो। आयोगको अध्यक्षमा यादव, सदस्यमा शोभा महतो र राजकिशोर साह छन्।

गौशालाको व्यवस्थापन.....

जङ्गल धपाइदिए बिजोग त हेर्न पर्दैनथ्यो।"

गौशालाका कर्मचारी भने गाईको उचित रेखदेख र खानपानका लागि बोर्ड उदासीन रहेको बताउँछन्। बोर्डले कुनै वास्ता नगर्दा गौशाला धान्न हम्मेहम्मे पर्ने गरेको कर्मचारीको भनाइ छ। गौशाला सञ्चालनका लागि प्रशस्त (१५० बिघा) जग्गा छ। जग्गामा घाँस र अन्य बाली नलगाउँदा गाईलाई आहाराको अभाव भएको गौशालावासी बताउँछन्।

"गाईकै खानपान र प्रबन्धका लागि जग्गा हो नि, तर त्यो जग्गा जोतभोग गर्ने, घाँस र अन्यबाली लगाउने गरेको देखिंदैन, अधिकांश जग्गा बाँझै हुन्छ"-गौशालासँगै जोडिएको रजखोर बस्तीका मनोज थापा मगर भन्छन्-"विगतमा सम्पन्न मानिने गौशाला पछिल्ला केही दशकयता कर्मचारीको बेखबरपन, सरकारको उदासीनता र स्थानीय तहको बेवास्ताले बिजोगको अवस्थामा पुगेको हो।" गोठमा १०औं वर्ष पालिएका गाईले बहर (प्रजनन क्रिया) लिएका छैनन्। गाई थारा बस्ने क्रम बढेको छ। गौशालामा अहिले करीब २० वटा दूध दिने गाई छन्। यी गाईबाट दैनिक १५/१६ लिटर मात्र दूध सङ्कलन हुन्छ। गाईलाई पौष्टिक आहार दिन नसकिएकै कारण दूधको मात्रा निकै कम भएको व्यवस्थापन पक्षको स्वीकारोक्ति छ। मुलुककै जेठो गौशालाको अवस्था चिन्ताजनक बनेको सुन्दा इतिहासकार दिनेशराज पन्त पनि चिन्ता व्यक्त गर्छन्। "विक्रम संवत् १९९७ मा काठमाडौं पशुपति क्षेत्रमा मारवाडी समुदायले गौशाला स्थापित गरेका हुन्, यो गौशाला त त्योभन्दा १४ वर्ष जेठो र सम्पत्ति भएको संस्था हो"-उनी भन्छन्-"यसको उचित व्यवस्थापनमा सरकार र सम्बद्ध पक्षको ध्यान तत्काल पुग्न आवश्यक छ।" गौशालालाई व्यवस्थित गर्न शिक्षासँग जोड्नुपर्ने माग जनस्तरबाटै उठेको र यसमा स्थानीय तह, प्रदेश र सङ्घीय सरकारले यथाशक्य चाँडो पहल गर्नुपर्ने नगरवासी बताउँछन्।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम — सम्पर्क नं. — आबद्ध स्वास्थ्य सेवा

१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. पन्नालाल पटेल ९८५५०३४१५५ सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज
५. डा. श्यामसुन्दर दास
६. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## एकै दिन दुई लाख ५० हजार सङ्क्रमित, दुई सय ५१ को मृत्यु

टोकियो,२६ साउन/सिन्ह्वा

जापानमा पछिल्लो समयमा कोरोना भाइरसको सङ्क्रमण थप बढ्दै गएको देखिएको छ। यहाँका अधिकारीहरूले दिएको जानकारी अनुसार यहाँ एकै दिन २,५०,४०३ जनामा यो सङ्क्रमण देखिएको छ।


तस्वीरः एएफपी

जापानको स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार यहाँ बुधवार मात्र यति धेरै सङ्क्रमित पाइएका हुन्। यही अगस्त ३ पछि यहाँ सबैभन्दा धेरै सङ्क्रमित देखिएका हुन्।

अगस्त ३ तारिखमा २,४९,८३० जना सङ्क्रमित देखिएका थिए। सो सङ्ख्या निकै समयपछिको सबैभन्दा धेरै थियो।

यहाँ कारोना भाइरसको नयाँ उपप्रजाति 'बिए.५' थप द्रुत गतिमा फैलिरहेको बताइएको छ। उक्त प्रजाति अन्य प्रजातिहरूको तुलनामा द्रुत गतिमा फैलिने प्रकृतिको रहेको पनि ती अधिकारीहरूले जनाएका छन्।

यहाँका स्वास्थ्य अधिकारीहरूले बुधवार नै २५१ जनाको ज्यान गएको पनि बताएका छन्। यहाँ पछिल्लो समय गम्भीर प्रकृतिका सङ्क्रमितको सङ्ख्या पनि बढ्न थालेको पाइएको समाचारमा जनाइएको छ।

जापानका ४७ मध्ये २० वटा प्रान्तमा पछिल्लो समय धेरै सङ्क्रमित भेटिन थालेका पनि समाचारमा जनाइएको छ। सङ्क्रमितहरूमध्ये धेरैजना राजधानी टोकियोमा नै फेला परेको बताइएको छ।

**दक्षिण कोरियामा दैनिक सङ्क्रमितको सङ्ख्या अझै एक लाखभन्दा बढी**

सोल/सिन्ह्वा

दक्षिण कोरियामा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितहरूको सङ्ख्या अझै पनि एक लाखभन्दा बढी नै रहेको छ। लामो समयदेखि दक्षिण कोरियामा दैनिक सङ्क्रमितहरूको सङ्ख्या एक लाखभन्दा बढी देखिंदै आएको छ। पछिल्लो २४ घण्टामा पनि थप एक लाख ३७ हजार २४१ जना नयाँ सङ्क्रमित भएका छन्।

स्वास्थ्य अधिकारीहरूले बिहीवार दिएको जानकारी अनुसार दक्षिण कोरियामा अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या २ करोड ९८ लाख ३ हजार १६९ पुगेको छ।

अहिले देखिएको दैनिक सङ्क्रमितको सङ्ख्या पनि अघिल्लो दिनको भन्दा केही कम हो। अघिल्लो दिन १ लाख ५१ हजार ७९२ जना सङ्क्रमित देखिएका थिए।

त्यसैगरी अघिल्लो हप्ता औसतमा १ लाख १७ हजार ५९१ जना नयाँ सङ्क्रमित भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। अहिले सङ्क्रमित अवस्थामैं रहेकामध्ये ४१८ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ। पछिल्लो एक दिनमा कोरोनाका कारण ५९ जनाको मृत्यु भएको छ। योसँगै दक्षिण कोरियामा कोरोनाका कारण मृत्यु हुनेहरूको सङ्ख्या २५ हजार ४४१ पुगेको छ।

**क्यानडामा मङ्कीपक्सका बिरामीको सङ्ख्या हजारभन्दा बढी**

ओटावा/सिन्ह्वा

क्यानडामा मङ्कीपक्सका बिरामीहरूको सङ्ख्या एक हजारभन्दा बढी पुगेको छ। क्यानडाको सार्वजनिक स्वास्थ्यसम्बन्धी निकायले अहिलेसम्म एक हजार आठजना मङ्कीपक्सका बिरामी फेला परेको जनाएको छ।

तीमध्ये सबैभन्दा धेरै ओन्तारियोमा देखिएको छ। ओन्तारियोमा अहिलेसम्म ४९७ जनामा मङ्कीपक्स पुष्टि भएको छ। त्यसैगरी क्वेबेसमा ४२५ जना, ब्रिटिश कोलम्बियामा ८५ जना र अल्बेर्तामा १६ जना मङ्कीपक्सका बिरामी फेला परेका छन्।

मङ्कीपक्सका बिरामीहरूको प्रसार दैनिक बढ्दै गएकोले प्रदेश अनुसार सङ्ख्या पनि परिवर्तन हुने मन्त्रालयले जनाएको छ।

**भारतमा सोन्ह हजारभन्दा बढी कोरोना सङ्क्रमित**

नयाँ दिल्ली/सिन्ह्वा

भारतमा एक दिनमा १६ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले बिहीवार दिएको जानकारी अनुसार पछिल्लो एक दिनमा १६ हजार २९९ नयाँ सङ्क्रमित भएका हुन्।

यसैसँगै भारतमा हाल कुल सङ्क्रमतिको सङ्ख्या चार करोड ४२ लाख छ हजार ९९६ पुगेको सङ्घीय स्वास्थ्य मन्त्रालयले बिहीवार सार्वजनिक गरेको छ।

भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ। भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख २५ हजार ७६ रहेको छ।

कोरोना सङ्क्रमणबाट बितेको २४ घण्टामा ५३ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोना शुरू भएबाट हालसम्म पाँच लाख २६ हजार ८७९ व्यक्तिको मृत्यु भइसकेको छ।

भारतमा हिजो एक दिनमा १९ हजार ४३१ जना कोरोनामुक्त भएका छन्। यसैसँगै कुल चार करोड ३५ लाख ३५ हजार ६१० भन्दा बढी कोरोनामुक्त भएका छन्।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन्। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयबाट हालसम्म दुई अर्ब छ करोड ५८ लाखभन्दा बढी मात्रा खोप लगाइएको छ।

भारतमा कोरोना शुरू भएयता हालसम्म ८७ करोड ९२ लाख ३३ हजार २५१ जनाको कारोना भाइरस परीक्षण भएको जनाइएको छ। रासस

## दुर्घटनामा तीनजनाको मृत्यु, दशजना घाइते

इस्लामाबाद, २६ साउन/सिन्ह्वा

पाकिस्तानको दक्षिणी प्रान्त सिन्धको खैरपुर जिल्लामा बिहीवार ट्रक र भ्यान एकापसमा ठोक्किंदा कम्तीमा तीनजनाको मृत्यु हुनुका साथै अन्य १० जना घाइते भएका छन्।

मेहरान राष्ट्रिय राजमार्गमा दिउँसो ट्रकले भ्यानलाई ठक्कर दिंदा तीनजनाको घटनास्थलमैं मृत्यु भएको सरकारी अधिकारीहरूले जानकारी दिएका छन्। दुर्घटनापछि उद्धार टोली घटनास्थलमा पुगेर घाइतेहरूलाई अस्पताल पुऱ्याएको जनाइएको छ।

दुर्घटनाग्रस्त भ्यान सिन्धको राजधानी कराँचीबाट खैरपुर जाँदै गरेको बताइएको छ। पाकिस्तानमा खराब मर्मत गरिएका सवारीसाधनहरू, जीर्ण सडकहरू र सडक सुरक्षा उपायहरूको लापरवाहीका कारण प्रायः सडक दुर्घटनाहरू हुने गरेका पाइन्छन्। रासस

## टिगरेमा चार हजारभन्दा बढी ट्रकद्वारा मानवीय सहायता आपूर्ति

आदिस अबाबा,२६ साउन/सिन्ह्वा

इथियोपियाको समस्याग्रस्त क्षेत्र टिगरेमा संयुक्त राष्ट्रसङ्घसहित अन्य दाताहरूले गरेको सहयोग ४,७६५ वटा ट्रकले पुऱ्याएका छन्।

गएको अप्रिलदेखि यता यो सहयोग उक्त क्षेत्रमा प्रवेश गरेको संयुक्त राष्ट्रसङ्घीय एजेन्सी, युएनएचसिआरले जनाएको छ।

शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्च आयुक्तको कार्यालयले बुधवार सो कुराको जानकारी दिएको हो।

इथियोयियाको द्वन्द्वग्रस्त टिगरे क्षेत्रमा केही वर्ष यतादेखि खाद्यान्न तथा मानवीय सहयताको समस्या पर्ने गरेको छ।

द्वन्द्व तथा खडेरीले यहाँ खाद्यान्न उत्पादन हुन छोडेको छ। यसका कारण यहाँका नागरिकलाई औषधि, पानी मात्र नभएर खाद्यान्नकै समस्या पर्ने गरेको सो निकायले जनाएको छ।

साथै अहिले पनि सो क्षेत्रमा मानवीय सहायताको आपूर्तिको व्यवस्था भइरहेको भन्दै उक्त एजेन्सीले आवश्यक सहयोगको लागि आग्रह पनि गरेको छ।

सो एजेन्सीको सहयोगमा ६० वटा ट्रकमा सहायता सामग्री पठाइएको पनि एजेन्सीले जनाएको छ। उक्त टिगरे क्षेत्रका विद्रोहीहरूले शुरूमा विदेशी सहायता एजेन्सीहरूलाई राहत प्रदान गर्न पनि जान दिएका थिएनन्। अहिले संयुक्त राष्ट्रसङ्घको आह्वानमा सहायता पुऱ्याउने गरिएको सो एजेन्सीले जनाएको छ। रासस


वीरगंज महानगरपालिकाको सूचना

हरेक बार खाना चार,
यही नै हो पोषणको आधार।

वीरगंज महानगरपालिका कार्यालय



रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे



वीरगंजको माईस्थानमा गहवामाई मन्दिरअगाडि बिक्रीका लागि राखिएका राखीका स्टलहरू। तस्वीरः नितेश कर्ण

## ठोरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
घ्याङडाँडा, पर्सा
मधेस प्रदेश, नेपाल

## करारमा सेवा लिनेसम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति २०७९/०४/२७)

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालय तथा विद्यालयहरूमा रिक्त रहेका तपसिलका पदहरूमा करार सेवामा कर्मचारी र शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले दस्तुर तिरेको रसिद र तोकिएको कागजातसहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम र अन्य जानकारी कार्यपालिकाको कार्यालय, घ्याङडाँडाबाट प्राप्त हुनेछ।

**तपसिल**

| क्र.सं. | वि.नं. | पद/तह | सङ्ख्या | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १ | १-२०७९/८० | प्रशिक्षक उमावि (पशुविज्ञान) | २ (दुई) | पशुविज्ञानमा स्नातकोत्तर वा BVA & H साथै एक वर्षको कार्य अनुभव | |
| २ | २-२०७९/८० | शिक्षक प्राशि | १ (एक) | कक्षा १२ उत्तीर्ण वा सो सरह | अध्ययन अनुमतिपत्र प्राप्त |
| ३ | ३-२०७९/८० | रोजगार संयोजक अधिकृत/छैटौं | १ (एक) | स्नातक | आधारभूत कम्प्युटर सम्बन्धी कम्तीमा तीन महीना तालीमप्राप्त |
| ४ | ४-२०७९/८० | रोजगार सहायक/पाँचौं | १ (एक) | कक्षा १२ उत्तीर्ण वा सो सरह | आधारभूत कम्प्युटर सम्बन्धी कम्तीमा तीन महीना तालीमप्राप्त |
| ५ | ५-२०७९/८० | प्राविधिक सहायक/पाँचौं | १ (एक) | सिभिल इन्जिनीयरिङमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह | आधारभूत कम्प्युटर सम्बन्धी कम्तीमा तीन महीना तालीमप्राप्त |
| ६ | ६-२०७९/८० | वित्तीय साक्षरता सहजकर्ता/पाँचौं | १ (एक) | कक्षा १२ उत्तीर्ण वा सो सरह | कम्प्युटरसम्बन्धी कम्तीमा तीन महीना तालीमप्राप्त |
| ७ | ७-२०७९/८० | कम्प्युटर अपरेटर/पाँचौं | १ (एक) | कम्प्युटर विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह | |
| ८ | ८-२०७९/८० | सहायक कम्प्युटर अपरेटर/चौथो | ५ (पाँच) | एसइई उत्तीर्ण वा सो सरह साथै तीन महीना कम्प्युटर तालीमप्राप्त | |
| ९ | ९-२०७९/८० | अहेब/सहायक चौथो | १ (एक) | टिएसइई उत्तीर्ण वा सो सरह | काउन्सिल दर्ता प्रमाणपत्र |
| १० | १०-२०७९/८० | अनमी/सहायक चौथो | १ (एक) | टिएसइई उत्तीर्ण वा सो सरह | काउन्सिल दर्ता प्रमाणपत्र |
| ११ | ११-२०७९/८० | जेटिए भेटेरिनरी/ सहायक चौथो | १ (एक) | टिएसइई उत्तीर्ण वा सो सरह | |
| १२ | १२-२०७९/८० | बिजुली मिस्त्री | १ (एक) | आधारभूत तह उत्तीर्ण साथै हाउस वाइरिङमा आधारभूत तालीमप्राप्त | |
| १३ | १३-२०७९/८० | हेभी सवारी चालक (टिपर) | २ (दुई) | हेभी सवारी चालक अनुमतिपत्र प्राप्त | |
| १४ | १४-२०७९/८० | हेभी सवारी चालक (ब्याक हो लोडर) | २ (दुई) | हेभी सवारी चालक अनुमती पत्र प्राप्त | |
| १५ | १५-२०७९/८० | ब्याक हो लोडर सहचालक | १ (एक) | आधारभूत तह उत्तीर्ण | |
| १६ | १६-२०७९/८० | हलुका सवारी चालक | ३ (तीन) | हलुका सवारी चालक अनुमतिपत्र प्राप्त | |
| १७ | १७-२०७९/८० | कार्यालय सहयोगी | ८ (आठ) | साक्षरता | (गापा र वडा कार्यालयको लागि) |
| १८ | १८-२०७९/८० | कार्यालय सहयोगी (स्वास्थ्यतर्फ) | ३ (तीन) | साक्षरता | |
| १९ | १९-२०७९/८० | रिटर्नी स्वयंसेवक | २ (दुई) | कक्षा १० उत्तीर्ण | खाडी मुलुक वा मलेशियामा एक वर्ष काम गरेको |

१. **न्यूनतम योग्यताः**
   (क) नेपाली नागरिक।
   (ख) उमेर हद प्रचलित कानूनमा तोकिए बमोजिम।
   (ग) विज्ञापन नं. ३-२०७९/८० को हकमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको, ४-२०७९/८० र ५-२०७९/८० को हकमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
   (घ) विज्ञापन नं ६-२०७९/८० र १९-२०७९/८० को हकमा २१ वर्ष पूरा भई ५० वर्ष ननाघेको।
   (ङ) आवेदन दस्तुर अधिकृतस्तरको लागि रु १०००/-, पाँचौं तहको लागि रु ५००/-, चौथो तहको लागि रु ४००/-, चालकको लागि रु ३००/- र अन्यको लागि रु १००/-।
   (च) सेवासुविधा नेपाल सरकार र गाउँपालिकाको सम्झौताबमोजिम।
   (छ) सम्बन्धित विज्ञापन नं मा तोकिएका प्रमाणित कागजातहरू र दस्तुर तिरेको रसिद।

२. **छनोट प्रक्रियाः** लिखित र अन्तर्वार्ता (बिजुली मिस्त्री, कार्यालय सहयोगी, सवारी चालक, रिटर्नी स्वयंसेवक र सहचालकको हकमा अन्तर्वार्ता मात्रै)

३. **दरखास्त पेश गर्ने स्थानः** ठोरी गाउँपालिकाको कार्यालय, घ्याङडाँडा, पर्सा।

४. **दरखास्त पेश गर्ने अन्तिम मितिः** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिउँसो २:०० बजेसम्म।

५. **सम्पर्क मितिः** आवेदन दिने अन्तिम मितिको भोलिपल्ट अपराह्न २:०० देखि ५:०० बजेसम्म।
   सम्पर्क नं. ९८४९०५३९८६, ९८६०६११४०० र ९८४५२६७०८०

**- प्रमुख प्रशासकीय अधिकृत**

# ठोरीमा महाकुम्भको पूर्णाहुति सम्पन्न

चिरञ्जीवी सापकोटा, ठोरी, २६ साउन/

धार्मिक पर्यटकीय क्षेत्र अन्तर्गतको भतौडा–भाथाधाममा आयोजना गरिएको यस वर्षको महाकुम्भ पर्व बिहीवार वैदिक विधि अनुसार सम्पन्न भएको छ।

श्रावण कृष्ण त्रयोदशीदेखि भतौडाधामबाट प्रारम्भ गरिएको महाकुम्भको पूर्णाहुति ठोरी गाउँपालिका–२ स्थित वनशक्ति शक्तिपीठमा वैदिक विधि अनुसार समापन गरिएको हो।

गापा अध्यक्ष लालबहादुर श्रेष्ठ मुख्यकर्ता बनी महाकुम्भको पूर्णाहुति कार्यक्रम सम्पन्न गरिएको आयोजक समितिका अध्यक्ष भतौडाधामका मठाधीश श्री श्री १०८ धर्मेन्द्र दास 'निर्मोही बाबा'ले जानकारी दिए। यज्ञ अनुष्ठानपछि आयोजित कार्यक्रममा गापा अध्यक्ष श्रेष्ठले ठोरीमा आगमन भएका सन्त–महन्तका कारण ठोरी पुण्यभूमि बनेको बताए।

उनले ठोरी धार्मिक क्षेत्रले भरिपूर्ण स्थान भएकोले सबै मिलेर संरक्षण गर्नुपर्ने बताए। सीतागुफा जस्तो पवित्रस्थलमा महाकुम्भको अन्तिम शाही स्नान र महाकुम्भको पूर्णाहुति ठोरीमा राखिनु नै ठोरीको लागि गर्वको विषय भएको उनले बताए।

कार्यक्रममा सहभागी सन्त, महन्त, साधु तथा हिन्दू धर्मका अगुवाहरूलाई धन्यवाद उनले दिए।



तस्वीरः प्रतीक

महाकुम्भ मूल समारोह समितिका अध्यक्ष निर्मोही बाबाले ठोरी पुण्य र पवित्र भूमि रहेको हुँदा ठोरीलाई धार्मिक नगरीको रूपमा चिनाउन आफू पनि लागिपरेको बताए। उनले जुन दिन आफूले महाकुम्भ लगाउने सङ्कल्प गरेको थिएँ, त्यसै दिनदेखि ठोरीको सीताकुण्डमा अन्तिम शाही स्नानको कार्यक्रम तय गरिएको जानकारी गराए।

ठोरीमा तीन दिन पहिले रात्रिको समयमा रामलीला देखाएर ठोरीवासीलाई महाकुम्भले आकर्षित पारेको थियो। प्रचारप्रसार अभावबीचमा पनि महाकुम्भ सम्पन्न भएको हुँदा आगामी १२ वर्षपछि महाकुम्भ भव्य हुने आयोजक समितिको ठहर छ।

भतौडा–भाथाधाममा लागेको यस वर्षको महाकुम्भ मधेस प्रदेशको पहिलो र नेपालको दोस्रो महाकुम्भ हो। भतौडाधाममा कुम्भघडा स्थापना गरी यस वर्षको महाकुम्भको आयोजना गरिएको थियो। महाकुम्भमा भाथाधाम, भतौडाधाम र ठोरीमा गरी लाखौं भक्तजन तथा साधुसन्तहरूले स्नान, पूजा, दर्शन र जलार्पण गरेको आयोजकले जनाएको छ।

बुधवार गापा अध्यक्ष श्रेष्ठ नेतृत्वको टोलीले रथ लिएर आएका महाकुम्भका यात्रीहरूलाई ठोरीमा स्वागत गरी भित्र्याएको थियो भने आज ठोरी गापा–२ का अध्यक्ष अमृतकृष्ण सापकोटाले बिदाइ गरेका थिए।


## उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं; फजुल खर्च नगरौं।
- बचत गरी बैंक तथा वित्तीय संस्थामा रकम जम्मा गरौं।
- स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं।
- आर्थिकरूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# राखी निर्माण प्रतियोगिता सम्पन्न

प्रस, वीरगंज, २६ साउन/

माउन्ट एडमन्ड माविले जनैपूर्णिमाको पूर्वसन्ध्यामा भाइ–बहिनीबीच प्रेमको प्रतीक राखी निर्माण प्रतियोगिता सम्पन्न गरेको छ।



तस्वीरः प्रतीक

विद्यालय प्राङ्गणमा प्रधानाध्यापक अनन्तकुमारलाल दासको सभापतित्वमा भएको अन्तरसदन राखी प्रतियोगिताको उद्देश्य मौलिक नेपाली संस्कृतिको संवर्धन, संरक्षण, जगेर्ना, बुझाइलाई विकसित गर्ने, उनीहरूलाई संस्कृति र संस्कारप्रति जागृत गर्ने र एकापसमा सहयोगात्मक भावनाको वृद्धि गर्नु रहेको प्रअ दासले बताए। चारवटै सदनका ८३ जना छात्रा संलग्न रहेको सो प्रतियोगितामा अतिरिक्त क्रियाकलाप विभागका प्रमुख बलराम नेपालीले दाजुभाइले दिदीबहिनीको रक्षा गर्ने प्रतिबद्धता व्यक्त गर्ने दिनको रूपमा पनि यस पर्वलाई मनाइने चलन रहेको बताए।

यसैगरी, विद्यालयका हेड ब्वाय राहुल यादवले बहिनी नभएका दाजुभाइले ब्राह्मणसँग रक्षासूत्र बाँध्ने परम्परा रहिआएको र वर्तमानमा राखी महँगो भएका कारण पनि गरीब दिदीबहिनीहरूले आफैं राखी बनाएर बाँधेमा दाइभाइहरूलाई अझ गर्वको अनुभूति हुने बताए।

प्रतियोगितामा माछापुच्छ्रे सदनकी आरुषी चौहान प्रथम, अन्नपूर्ण सदनकी विनीता चौधरी द्वितीय र स्वाती यादव तृतीय भएका थिए भने सान्त्वना पुरस्कार अन्नपूर्ण सदनकी रोशनी साह र माछापुच्छ्रे सदनकी हिमाचनी यादवले हासिल गरेका थिए।

# विकलाङ्गहरूलाई ह्वीलचेयर

सुग्रीव साह, भिस्वा, २६ साउन/

प्रदेशसभा सदस्य सिंहासन साह कलवारले विकलाङ्गहरूलाई ह्वीलचेयर वितरण गरेका छन्।

प्रदेशसभा सदस्य कलवारले आफ्नो निर्वाचन क्षेत्रका विकलाङ्गहरूलाई ह्वीलचेयर वितरण गर्ने अभियान अन्तर्गत बिहीवार धोबिनी गाउँपालिकामा ११ जनालाई ह्वीलचेयर वितरण गरे। उनले आफ्नो संसदीय विकास कोषबाट यस वर्ष ह्वीलचेयर वितरण अभियान शुरू गरेको र निर्वाचन क्षेत्रमा पर्ने पालिकाहरूमा रहेका विकलाङ्गहरूलाई क्रमशः ह्वीलचेयर वितरण गर्ने बताए।

आफ्नो निर्वाचन क्षेत्रमा भएका विकलाङ्गहरूको सूची तयार भएको र यसपछि २५ जनालाई ह्वीलचेयर वितरण गर्ने तयारी भएको प्रदेशसभा सदस्य कलवारले जानकारी गराएका छन्।

# रक्त सम्बन्धमा सम्झौता




तस्वीरः प्रतीक

प्रस, सेढवा, २६ साउन/

जीराभवानी गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीबीच रगत सम्बन्धमा सम्झौता भएको छ। बिहीवार गापाका प्रमुख प्रशासकीय अधिकृत प्राण मेहता र नेपाल रेडक्रस सोसाइटी, पर्साका सभापति वीरेन्द्र कँडेलबीच सम्झौता भएको हो।

सम्झौता अनुसार सो गापाका कर्मचारी, स्थानीयवासीलाई रगत आवश्यक परेको बेलामा गापाको सिफारिश अथवा गापाको बासिन्दा भएको प्रमाणित परिचयपत्रका आधारमा रक्तसञ्चार केन्द्र, वीरगंजबाट रगत निश्शुल्क उपलब्ध हुने सम्झौता गरिएको छ। यसको भुक्तानी गापाले प्रत्येक मासिकमा गर्ने सम्झौता भएको छ। रक्तसञ्चार केन्द्रमा प्रतिपिन्ट रगतका लागि एक हजार ५० रुपैयाँ शुल्क लाग्ने गरेको छ। ब्याग र परीक्षणलगायतमा लाग्ने शुल्कका लागि जीराभवानी गापाले आफ्ना पालिकाका बासिन्दाको लागि निश्शुल्क व्यवस्था गरेको हो।

बिहीवार रेडक्रसका सभापति कँडेलले सम्झौतापत्र गापा अध्यक्ष अनोज चौधरीलाई हस्तान्तरण गरेका थिए।

# रक्षाबन्धन, जनैपूर्णिमा साउन २७ गते शास्त्रसम्मत

काठमाडौं, २६ साउन/रासस

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको ऋषितर्पणी, रक्षाबन्धन र गाईजात्रा पर्वका बारेमा विभिन्न टीका–टिप्पणी भएकामा आफ्नो ध्यानाकर्षण भएको जनाएको छ।



समितिले विज्ञप्ति प्रकाशित गरी साउन २७ गते शुक्रवार नै ऋषितर्पणी, रक्षाबन्धन र गाईजात्रा पर्व मनाउनुपर्ने जनाएको छ। यो पर्व साउन २६ गते बिहीवार मनाउनुपर्ने भनी केही सञ्चारमाध्यम, सामाजिक सञ्जाललगायतबाट भइरहेको प्रचारप्रसार शास्त्रसम्मत नरहेको पनि विज्ञप्तिमा उल्लेख गरिएको छ।

यस वर्षको जस्तो तिथिको अवस्था विसं २०७०, २०६१, २०५५, २०३१, २०३०, २०२४ र १९९४ मा भएको समितिका अध्यक्ष प्रा श्रीकृष्ण अधिकारी, सदस्य एवं धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराई र कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जारी गरेका विज्ञप्तिमा उल्लेख छ। ती वर्षमा पनि रक्षाबन्धनकै दिन गाईजात्रा पर्व मनाइएको थियो।

"धर्मशास्त्रमा विभिन्न मत भएपनि हाम्रो शाखा सूत्र अनुसार उदयव्यापिनी पूर्णिमा तिथिकै दिन उपाकर्म, रक्षाबन्धन आदि गर्ने हाम्रो परम्परा रहेको छ," विज्ञप्तिमा उल्लेख गरिएको छ। साउन २६ गते सूर्योदयको दुई घडीपछि पूर्णिमा तिथि लाग्छ। साउन २७ गते चार घडीभन्दा कम पूर्णिमा तिथि छ। पूर्णिमा तिथि टुटेको समितिले जनाएको छ। यस्तो अवस्थामा साउन २७ गते नै रक्षाबन्धन पर्व मनाउनुपर्ने शास्त्रीय वचन अनुसार समितिले स्वीकृति दिएका पात्रोमा उल्लेख गरिएकाले भ्रममा नपरी त्यसैअनुरूप पर्व मनाउन समितिले आह्वान गरेको छ।

# पाँच थान सालको गोलिया बरामद



तस्वीरः प्रतीक

प्रमोद यादव, पंचगावाँ, २६ साउन/

सखुवाप्रसौनी गाउँपालिका–३ कौवावन कटैयाबाट पाँच थान सालको गोलिया लोड भएको साइकल वन कर्मचारीले नियन्त्रणमा लिएका छन्।

बिहीवार बिहान तस्करहरूले साइकलमा गोलिया ल्याइरहेको अवस्थामा वन कर्मचारीलाई देखेपछि छाडेर फरार भएका थिए। बरामद गोलिया र साइकल सबडिभिजन वन कार्यालय, बडनिहारमा राखिएको वन कर्मचारीले बताएका छन्।

### निजगढ राजमार्ग....

हुने बित्तिकै पीडितहरू प्रहरी कार्यालयमा सिसिटिभीको फुटेज हेर्न आग्रह गर्छन् र हेर्न खोज्छन्। बिग्रिएको बताउँदा झट्ट विश्वास गर्दैनन्। प्रहरी नै यस्ता घटनामा संलग्न रहेको भन्नेसम्मका प्रश्न तेर्स्याउने गरिएको पाइएको एकजना सुरक्षाकर्मीले बताए।

निजगढ नपाको करीब रु २२ लाखको लागतमा १६ वटा सिसिटिभी क्यामरा राजमार्ग र आसपासका क्षेत्रलाई समेट्ने गरी जडान गरिएको थियो।

प्रमुख प्रशासनिक अधिकृत विवादले निजगढ नपामा तालाबन्दीका कारण बिग्रिएका क्यामरा मर्मतसम्भारमा नपाको ध्यान जान सकेको छैन।

### तिलावे पुल कात्तिक.....

पुल पूर्णरूपमा सञ्चालन कात्तिकदेखि हुने उनले जानकारी गराए। पुल निर्माणको ठेक्का २०७२ सालमा पप्पु र लुम्बिनी जेभीले सात करोड ११ लाखमा सकार गरेको थियो। पछिल्लो समयमा पप्पुले सो पुल निर्माणबाट हात झिकेको र लुम्बिनीले मात्र पुल निर्माणको कार्य गर्दै आएको थियो।

अहिलेसम्म यो पुल निर्माणको लागि चारपटक म्याद थप भएको सूचना अधिकारी मण्डलले बताए। वर्तमान सरकारले सबै अधूरो ठेक्काको काम चालू आवको मसान्तसम्म अर्थात् असार मसान्तमा सम्पन्न गर्नुपर्ने गरी म्याद थप गरेको छ।